# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९२ | काठमाडौं | शुक्रबार, ०८ साउन २०८३ | Prabhab National Daily | Friday, 24 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# कांग्रेसमा देउवाकै शैली दोहोऱ्याउँदै गगन

- केन्द्रीय समितिमा छलफल नगरी सभापति गगन थापाले गोपालमान श्रेष्ठलाई घोषणा गरे वरिष्ठ नेता
- यसअघि थापाले देउवाकै कोटरीमा रहेर विभिन्न लाभ लिएका विवादित व्यवसायी उमेश श्रेष्ठलाई कोषाध्यक्षमा मनोनीत
- विशेष महाधिवेशन बहिस्कार गरेका १४औं महाधिवेशनबाट निर्वाचित अधिकांश पदाधिकारी र केन्द्रीय सदस्यहरु राष्ट्रिय भेलाको तयारीमा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राजनीतिक विश्लेषक कृष्ण खनाल बिहीबार नेपाली कांग्रेसका सभापति गगन थापाकै अगाडि भन्दै थिए, 'कांग्रेसमा सभापतिको मनपरि छ ।' पूर्वसभापति शेरबहादुर देउवा आफ्नो मनपरि निर्णय गर्थे । त्यही कारण कांग्रेसको अवस्था यस्तो नाजुक बनेको खनालको तर्क थियो ।

यसको मूल कारण अध्यक्षात्मक प्रणालीलाई दोष दिए खनालले । उनी भन्दै थिए, 'यही प्रणालीका कारण अहिले पनि सभापतिले बोल्नु र अरू पदाधिकारी बोल्नुमा फरक छ । सभापति बोले पार्टी बोल्छ । अरूको बोलीको भ्यालु छैन ।'

खनालले बोलेको केही बेरमै सभापति थापाले राष्ट्रिय सभा गृहबाट वरिष्ठ नेता गोपालमान श्रेष्ठलाई बनाएको घोषणा गरे । केन्द्रीय समितिमा छलफल नगरी सभापति थापाले एकैचोटि श्रेष्ठलाई वरिष्ठ नेता घोषणा गरेका हुन् । 'गोपालमान श्रेष्ठको स्वास्थ्य अवस्था नाजुक छ । साउन १२ र १३ गते केन्द्रीय समिति बैठक बस्दै छ । त्यो बैठकबाट अनुमोदन हुनेगरी उहाँलाई पार्टीको वरिष्ठ नेता बनाउने घोषणा गर्दछु,' राष्ट्रिय सभागृहमा बिहीबार आयोजित बिपी स्मृति दिवसमा सभापति थापाले भने ।

श्रेष्ठलाई वरिष्ठ नेता बनाउने विषयमा अहिलेसम्म पदाधिकारीमासमेत छलफल नभएको कांग्रेसका एक पदाधिकारीले बताए । 'बाहिर एउटा ठूलो समूह एकताको मागसहित आउनुभएको छ । सभापतिले भने उहाँहरूको कुरै नसुनी पार्टीमा पनि छलफल नगरी अमुक व्यक्तिलाई वरिष्ठ नेता घोषणा गर्नुभयो,' ती पदाधिकारीले भने ।

कांग्रेसमा विशेष महाधिवेशन बहिस्कार गरेका १४औं महाधिवेशनबाट निर्वाचित अधिकांश पदाधिकारी र केन्द्रीय सदस्यहरू राष्ट्रिय भेलाको तयारीमा छन् । साउन २९ गते पूर्वउपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा काठमाडौंमा जुट्न लागेका हुन् । उनीहरूको एउटै माग छ, 'पार्टी एकता गरौं ।'

देउवालाई प्रश्न गर्दै नेतृत्वमा आएका थापाले उनीहरूको आवाज सुन्न चाहेका छैनन् । उल्टै पेलेरै जाने र देउवाकै शैलीमा उत्रने थापाको निर्णय र पछिल्लो अभिव्यक्तिहरूले प्रस्ट पार्ने नेताहरू बताउँछन् । सभापति थापाले यसअघि कोषाध्यक्षमा उमेश श्रेष्ठलाई मनोनीत गरेका थिए । व्यवसायी श्रेष्ठ देउवा दम्पतीसँग निकट रहेर व्यवसाय गर्दै आएका उद्यमी हुन् ।

उमेश श्रेष्ठ देउवापत्नी डा. आरजु राणा देउवासँगको व्यावसायिक साझेदारीका कारण विवादमा तानिएका व्यक्ति हुन् ।

क्रमश: पृष्ठ २ मा

## आधिकारिकता विवाद पुन: सर्वोच्चमा

नेपाली कांग्रेसको आधिकारिकता विवाद पुन: सर्वोच्च अदालतमा पुगेको छ । सभापति गगन थापा नेतृत्वको केन्द्रीय समितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णय सदर गर्ने फैसलाविरुद्ध पूर्वउपसभापति पूर्णबहादुर खड्कासहितले पुनरावलोकन निवेदन दिएका हुन् ।

उक्त निवेदन अब तीन जना न्यायाधीशको इजलासमा पेशी तोकिन्छ । तीन न्यायाधीशको इजलासले निस्सा दिएमा अघि बढ्छ भने नदिएमा टुंगो लाग्ने छ । गत वैशाख ४ मा सर्वोच्चले सभापति थापा नेतृत्वको केन्द्रीय समितिलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय सदर गर्ने फैसला गरेको थियो । उक्त निर्णय त्रुटिपूर्ण भएको दाबी गर्दै शेरबहादुर देउवापक्षले पुनरावलोकन निवेदन दिएको हो ।

संविधानविद्हरूको जोड

# पहिले संविधान जोगाऔं, त्यसपछि संशोधन

■ **जेबी योञ्जन**

**काठमाडौं–** संविधानविद्हरूले वर्तमान सरकारको कार्यशैलीका कारण संविधान, संसदीय प्रणाली र लोकतान्त्रिक संस्थामाथि दबाब बढ्दै गएको बताएका छन् । उनीहरूले संविधानको रक्षा अहिलेको सबैभन्दा ठूलो राजनीतिक दायित्व बनेको उल्लेख गर्दै संविधान निर्माणमा नेतृत्व गरेका प्रमुख दलहरूलाई साझा मोर्चामा उभिन आह्वान गरेका छन् ।

नेकपा एमालेको 'राजधानी प्रदेश कमिटी'ले ४८औं पुष्पलाल श्रेष्ठ स्मृति दिवसका सन्दर्भमा बिहीबार यहाँ आयोजना गरेको 'संविधानको रक्षा र लोकतन्त्रको सुदृढीकरणमा संविधान निर्माता मुख्य दलहरूको भूमिका र दायित्व' विषयक कार्यक्रममा उनीहरूले यस्तो धारणा राखेका हुन् । संविधानविद्हरूका अनुसार संविधान संशोधनको बहसभन्दा पहिले संविधानको रक्षा आवश्यक छ । त्यसका लागि संविधान निर्माणमा भूमिका खेलेका राजनीतिक शक्तिहरूबीच न्यूनतम साझा समझदारी बन्नुपर्ने उनीहरूको जोड छ ।

संविधानविद् एवं वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले अहिले संविधान कार्यान्वयन नै संकटमा परेको बताए । प्रधानमन्त्री र सरकार संविधानप्रति पर्याप्त प्रतिबद्ध नदेखिएको उनको आरोप थियो । उनले प्रधानमन्त्री संसद्प्रति जवाफदेही नबन्नु गम्भीर विषय भएको बताए । संसदीय व्यवस्थामा प्रधानमन्त्री नियमित रूपमा संसद्मा उपस्थित भएर सांसदका प्रश्नको उत्तर दिनुपर्ने उनले स्मरण गराए ।

'संसद्को नियमावलीले प्रत्येक महिनाको पहिलो हप्तामा प्रधानमन्त्रीले संसद्मा आएर सांसदका प्रश्नको जवाफ दिनुपर्ने व्यवस्था गरेको छ,'



पहिले संविधानको रक्षा गरौं । त्यसपछि कहाँ संशोधन आवश्यक छ भन्ने विषयमा साझा निष्कर्ष निकाल्नुपर्छ ।

■ **टीकाराम भट्टराई**
संविधानविद्



गणतन्त्र, लोकतन्त्र, समानुपातिक समावेशिता र संघीयता यी चारवटै संविधानका आधारभूत पिलर हुन्, यीमाथि सम्झौता गर्न मिल्दैन

■ **राधेश्याम अधिकारी**
संविधानविद्

- संविधान जोगाउन प्रमुख दलहरूलाई एक हुन संविधानविद्हरूको आग्रह
- प्रधानमन्त्री संसद्प्रति जवाफदेही नभएको टिप्पणी
- अध्यादेशको दुरुपयोग रोक्न संविधान संशोधनको सुझाव
- अभिव्यक्ति स्वतन्त्रता खुम्चिँदै गएकोप्रति चिन्ता
- संविधानका चार आधारभूत स्तम्भ नचलाउन चेतावनी

उनले भने, 'तर, आज संसद्ले प्रधानमन्त्री खोजिरहेको छ । संसद्ले प्रधानमन्त्री भेटेको छैन ।'

संसदीय व्यवस्थामा संसद्ले प्रधानमन्त्री नै नभेट्ने अवस्था सामान्य हुन नसक्ने उनको भनाइ थियो । यस्तो अवस्थाले संविधानको मर्म कमजोर बनाएको उनले बताए । संविधानविद् भट्टराईले अहिले संविधान रक्षाको प्रश्न सबैभन्दा ठूलो राजनीतिक प्रश्न बनेको बताए । उनले संविधान संशोधन आवश्यक रहेको स्वीकार गरे । तर, त्यसअघि संविधान जोगाउन संविधान निर्माण गरेका राजनीतिक शक्तिहरू एक ठाउँमा बस्नुपर्ने उनले बताए ।

'पहिले संविधानको रक्षा गरौं । त्यसपछि कहाँ संशोधन आवश्यक छ भन्ने विषयमा साझा निष्कर्ष निकाल्नुपर्छ,' संविधानविद् भट्टराईले भने । उनले अध्यादेशमार्फत शासन चलाउने प्रवृत्तिलाई पनि संविधान कर्यान्वयनको अर्को ठूलो चुनौती भएको औंल्याए ।

संविधानले अत्यावश्यक अवस्थाबाहेक अध्यादेश ल्याउने व्यवस्था नगरे पनि त्यसको निरन्तर दुरूपयोग भएको उनको भनाइ थियो । उनले त्यसको दोष अहिलेको सरकारलाई मात्र दिएनन् । विगतका सरकारहरू पनि त्यही अभ्यासमा लागेको उनले स्वीकार गरे । 'अध्यादेशको माध्यमबाट शासन गर्ने कुरामा अहिलेको सरकारमात्रै दोषी छैन, हामीले पनि त्यो बाटो खोल्यौं र त्यो हिजो पनि गलत थियो । आज पनि गलत छ । भोलि पनि गलत हुने छ,' उनले भने ।

संविधान संशोधनको बहसमा अब अध्यादेशको दुरूपयोग रोक्ने व्यवस्था गर्नुपर्ने संविधानविद् भट्टराईले बताए । उनले पछिल्ला दिनमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता पनि खुम्चिँदै गएको बताए । विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने प्रयासले लोकतान्त्रिक मूल्य कमजोर बनाएको उनको भनाइ थियो ।

'विचार र अभिव्यक्तिको स्वतन्त्रतामाथि नियन्त्रण हुँदा पनि समाज मौन छ,' भट्टराईले भने, 'लोकतन्त्र निरंकुशतातर्फ उन्मुख हुने खतरा बढेको छ ।' उनले राजनीतिक प्रतिशोध बढ्दै गएको आरोप पनि लगाए । सरकार गठन भएकै दिन मन्त्रिपरिषद्ले विपक्षी नेतालाई पक्राउ गर्ने निर्णय गरेको उदाहरण दिँदै उनले प्रतिशोधको राजनीति लोकतन्त्रका लागि घातक हुने बताए । भट्टराईले संविधान संशोधनको प्रक्रिया पनि गलत ढंगबाट अघि बढाइएको दाबी गरे । 'संविधान संशोधन संसद्को विषय हो । मन्त्रिपरिषद्को निर्णयबाट कार्यदल बनाएर प्रक्रिया अघि बढाउनु न राजनीतिक रूपमा उचित थियो, न कानुनी रूपमा,' उनले भने ।

कार्यक्रममा अर्का संविधानविद् एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले पनि संविधानको रक्षा अहिलेको पहिलो आवश्यकता भएको बताए । उनले संविधान किन बनाइएको थियो भन्ने प्रश्नबाट समीक्षा सुरु गर्नुपर्ने बताए । 'आज आत्मसमीक्षा गर्ने दिन हो । यो संविधान जनतालाई केन्द्रमा राखेर बनाइएको थियो कि थिएन भन्ने समीक्षा गर्नुपर्छ,' उनले भने ।

अधिकारीले संविधान चार आधारभूत स्तम्भमा उभिएको बताए । ती हुन्- गणतन्त्र, लोकतन्त्र, समानुपातिक समावेशिता र संघीयता ।

क्रमश: पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# सरकारलाई वैदेशिक रोजगार व्यवसायीको १५ दिने 'अल्टिमेटम'

## माग सम्बोधन नभए व्यवसाय नै बन्द गर्ने चेतावनी

■ **ममता थापा**

काठमाडौं- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीका माग सम्बोधन गर्न सरकारलाई १५ दिनको समय दिने भएको छ । संघले बिहीबार आयोजना गरेको बृहत् व्यवसायी भेलाले यस्तो निर्णय गरेको हो । उक्त अवधिमा सरकारलाई आफ्नो समस्या सुनाउने र आन्दोलनको तयारी गर्ने निर्णय भेलाले गरेको संघले जानकारी दिएको छ ।

सरकारले आफूहरूको माग सम्बोधन नगरे श्रमिक पठाउने कार्य बन्द गरिने संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । यस अवधिमा नयाँ भिसा नल्याई अन्तिम प्रक्रियामा रहेका श्रमिकलाई मात्र पठाउन उनले व्यवसायीलाई अनुरोध गरे । 'अबको १५ दिनभित्र अन्तिम प्रक्रियामा रहेका सबै श्रमिकहरूलाई पठाउनुहोस् । नयाँ भिसा नल्याउनुहोस्,' उनले भेलामा सहभागी व्यवसायीहरूलाई भने, 'हामी वैदेशिक रोजगारीमा श्रमिकहरू पठाउँदैनौं ।

क्रमश: पृष्ठ २ मा




### यी हुन् सरकारसमक्ष व्यवसायीका माग

- ५९८ इजाजतपत्र प्राप्त संस्थालाई गरिएको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने
- व्यवसायीमाथि विभागले गरिरहेको अपमानजनक व्यवहार परिवर्तन गर्नुपर्ने
- श्रमिकको पारदर्शी लागत र व्यवसायीको वैज्ञानिक सेवा शुल्क निर्धारण
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ देखि १९ मा रहेको व्यवस्थाको अविलम्ब संशोधन
- श्रम गन्तव्य मुलुकको हवाइभाडा न्यूनीकरण र कृत्रिम अभावको अन्त्य
- नयाँ श्रम गन्तव्यको मागपत्र प्रमाणीकरणमा सहजीकरण
- अन्तर्राष्ट्रिय श्रमबजारलाई विकेन्द्रीकरण गरिनुपर्ने
- साउदी अरेबियाको सीप प्रमाणीकरण प्रणाली (एसभिपि), बायोमेट्रिक तथा संयुक्त अरब इमिरेट्स (युएई)को प्रहरी प्रमाणपत्र खारेजीका लागि सरकारले पहल गर्नुपर्ने
- वैदेशिक रोजगारसम्बन्धी उजुरी, बिगो दाबी र फरफारक न्यायोचित हुनुपर्ने
- वैदेशिक रोजगारसम्बन्धी संस्थागत र व्यक्तिगत उजुरी हेर्ने निकाय छुट्टाछुट्टै हुने व्यवस्था ऐनमा गरिनुपर्ने
- कोरियाको ई–७ मागपत्र प्रमाणीकरण नियमित हुनुपर्ने

बागमती फनपार्क निर्माणमा भ्रष्टाचार

# मधेसका पूर्वअर्थमन्त्रीसहित सात जना र निर्माण कम्पनीविरुद्ध मुद्दा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मधेस प्रदेशका तत्कालीन अर्थमन्त्री शैलेन्द्रप्रसाद साहसहित सात जना र एक निर्माण कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

मुद्दा सर्लाहीको बागमती नगरपालिका-११ स्थित बागमती फनपार्क र रिसोर्ट निर्माण आयोजनासँग सम्बन्धित छ । आयोगका अनुसार सार्वजनिक खरिद प्रक्रियामा अनियमितता भएको थियो । आयोजनाको लागत कृत्रिमरूपमा बढाएर सीमित निर्माण व्यवसायीलाई लाभ पुग्नेगरी ठेक्का प्रक्रिया अघि बढाइएको र त्यसबाट राज्यलाई आर्थिक नोक्सानी पुगेको अख्तियारको दाबी छ ।

मुद्दामा तत्कालीन अर्थमन्त्री साह र तत्कालीन प्रदेशसचिव गजेन्द्रकुमार ठाकुर प्रतिवादी छन् । उनीहरूसँग ३५ करोड रूपैयाँ बिगो माग गरिएको छ । तत्कालीन बागमती नगरप्रमुख भरतकुमार थापा पनि प्रतिवादी छन् । तत्कालीन उपप्रमुख लीलाकुमारी मुक्तानलाई पनि मुद्दा लगाइएको छ । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल पनि प्रतिवादी छन् । निर्माण कम्पनी बिकोई/धुलिखेल जेभीलाई पनि प्रतिवादी बनाइएको छ । कम्पनीका आधिकारिक प्रतिनिधि युवराज पोखरेललाई पनि मुद्दा लगाइएको छ ।

क्रमश: पृष्ठ २ मा





### बिगो मागदाबी

१) पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साह- ३५ करोड
२) पूर्वप्रदेश सचिव गजेन्द्रकुमार ठाकुर- ३५ करोड
३) पूर्वनगरप्रमुख भरतकुमार थापा- ३९ करोड ३९ लाख ६६ हजार
४) पूर्वउपप्रमुख लीलाकुमारी मुक्तान- ३९ करोड ३९ लाख ६६ हजार
५) पूर्वप्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल- ३९ करोड ३९ लाख ६६ हजार
६) निर्माण कम्पनी बिकोई/धुलिखेल जेभी- ३९ करोड ३९ लाख ६६ हजार
७) बिकोई/धुलिखेल जेभीका आधिकारिक प्रतिनिधि युवराज पोखरेल- ३९ करोड ३९ लाख ६६ हजार
८) तत्कालीन उपसचिव उद्धवराज न्यौपाने- २० करोड

**पृष्ठ १ बाट क्रमशः**

## पहिले संविधान...

यीमध्ये कुनै पनि आधारभूत संरचनालाई कमजोर बनाउने गरी संशोधन गर्न नमिल्ने उनले स्पष्ट पारे। 'यी चारवटै संविधानका आधारभूत पिलर हुन्, यीमाथि सम्झौता गर्न मिल्दैन,' अधिकारीले भने।

लोकतन्त्र नेपाली समाजको जीवनशैलीसँग जोडिएको विषय भएकाले यसको विकल्प खोज्ने बहस उपयुक्त नभएको उनले बताए। उनले समानुपातिक समावेशितालाई संविधानको महत्त्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरे। दलित, महिला, आदिवासी-जनजाति, मधेसी, अल्पसंख्यक र सीमान्तकृत समुदाय राज्यका संरचनामा पुगेको उनले बताए। स्थानीय तहदेखि संसद्सम्म महिलाको सहभागिता बढेको उल्लेख गर्दै उनले यसलाई संविधानको प्रत्यक्ष उपलब्धि बताए।

संघीयतालाई आर्थिक बोझका रूपमा व्याख्या गर्ने प्रवृत्तिसँग पनि उनले असहमति जनाए। संघीयता कुनै एक दिनको निर्णय नभई दशकौं लामो राजनीतिक आन्दोलनको उपलब्धि भएको उनको भनाइ थियो। उनले संघीयता हटाउने बहसले संविधानको आधारभूत संरचनामाथि नै प्रहार गर्ने बताए।

संघीयता हटाउन खोजिए संविधानका १०० भन्दा बढी धारामा संशोधन गर्नुपर्ने अवस्था आउने संविधानविद् अधिकारीले उल्लेख गरे। उनले प्रत्यक्ष निर्वाचित कार्यकारीको बहसप्रति पनि असहमति जनाए। नेपालका लोकतान्त्रिक संस्था अझै पर्याप्तरूपमा बलियो नभएको अवस्थामा कार्यकारीमा थप शक्ति केन्द्रित गर्नु जोखिमपूर्ण हुने उनको तर्क थियो।

'समस्या प्रणालीमा होइन,' उनले भने, 'समस्या यसको कार्यान्वयनमा छ।' अधिकारीले अहिलेको संसदीय प्रणालीलाई अझ प्रभावकारी बनाउनु नै सही बाटो हुने बताए। कार्यक्रममा एमाले अध्यक्ष ओलीले वर्तमान अवस्थामा नयाँ र पुराना दलका नाममा गरिने बहसले घरघरमा विवाद र विभाजन ल्याउने बताए। राजनीतिक दलहरूले समयानुकूल परिवर्तन हुने चेत बोक्ने भएकाले कठिन परिस्थितिमा पनि निरन्तर लड्न र उठ्न सक्ने उनको दाबी छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले विगतमा जनताले जिम्मेवारी दिँदा पनि आफूहरूले सोचे जसरी काम गर्न नसकेको विषयमा आत्मसमीक्षा गर्नुपर्ने बताए। उनले अहिलेको अवस्थामा देशभक्त शक्ति, कम्युनिस्ट र वामपन्थीहरूबीच एकता र सहकार्य गर्न सकेमा पुष्पलालप्रति साँचो श्रद्धाञ्जली हुने बताए।

■■■

## कांग्रेसमा...

### 'कांग्रेसले जनताको कुरै सुनेन'

राजनीतिक विश्लेषक कृष्ण खनालले कांग्रेसको राजनीति अझै नसुध्रिएको बताएका छन्। बिपी स्मृति दिवसका अवसरमा कांग्रेसले राष्ट्रिय सभागृहमा गरेको कार्यक्रममा खनालले भाषणअनुसार कांग्रेसले काम नगरेको बताएका हुन्।

कांग्रेसले किसानका लागि राजनीति गरेको भन्दै आए पनि मलको समस्या ४४ वर्षदेखि जिउँका त्युँ रहेको खनालको भनाइ छ। 'खै त मलको व्यवस्था गर्न सकेको ? बीउको व्यवस्था छैन। ४४ वर्षअघि किसानको राजनीति गर्ने हो भने खै त मल भनेर ? बिपीले पञ्चायतलाई प्रश्न गर्नुहुन्थ्यो,' खनालले भने, 'किसानका लागि राजनीति गरेको हो भन्ने कांग्रेसलाई मेरो प्रश्न छ खै त मलको व्यवस्था भएको ? सधैं बाली लगाउने बेला मलको समस्या हुन्छ।'

खनालले कांग्रेसले जनताको समस्या नसुनेका कारण अहिले हार सहनुपरेको बताए। 'राजनीति सुध्रेको भएदेखि जेन-जी विद्रोह हुँदैनथ्यो। कांग्रेसले हार ब्योहार्नु पर्दैनथ्यो,' उनले भने।

### 'एनसी फर एनसी' कार्यक्रम घोषणा

कांग्रेसले जरा अभियानको अन्त्य गर्दै एनसी फर एनसी 'नवीन परिस्थिति, नवीन संकल्प, नवीन अभियान'कार्यक्रम घोषणा गरेको छ। बिहीबार सभापति थापाले सार्वजनिक गरेको 'एनसी फर एनसी' अभियान भदौ २४ गते बिपी कोइरालाको जन्मजयन्तीका दिनबाट सुरू हुने छ।

अभियानको मुख्य उद्देश्य पार्टीलाई समाजको सुख दुःखसँग जोड्नु र नागरिक चेतना अभिवृद्धि गर्नु रहेको थापाको भनाइ छ। थापाका अनुसार अभियानको पहिलो उद्देश्य सामुदायिक सेवा गर्नु हो। यसमा कांग्रेस कार्यकर्ताहरूले समाजमा प्रत्यक्ष देखिनेगरी रक्तदान कार्यक्रम र वृक्षरोपण, वातावरणीय सरसफाइ र स्वास्थ्य शिविर सञ्चालन, स्थानीय विद्यालय वा सार्वजनिक पूर्वाधार सुधारमा श्रमदान र सहयोग र विपद् पूर्वतयारीका लागि समुदायलाई सचेत गराउने काम गर्नुपर्छ।

दोस्रोमा नागरिक संवाद गर्नुपर्ने थापाले बताए। यसमा पार्टीले समाजका विभिन्न वर्गसँग छलफल गर्नुपर्ने छ। युवा, महिला र किसानहरूसँग उनीहरूका समस्या र अपेक्षाबारे, पेसागत समूहहरूसँग गोलमेच बैठक गर्ने थापाले बताए। संवादबाट आएका निष्कर्ष र सिफारिसहरूलाई अभिलेखीकरण गरी सरकार र पार्टीलाई सुझाव दिने थापाको भनाइ थियो।

तेस्रो, नागरिक शिक्षा र नेतृत्वका विषयमा काम गरिने थापाले बताए। नागरिकहरूलाई आफ्ना अधिकार र कर्तव्यबारे सचेत गराउन संवैधानिक साक्षरता अभियान चलाउने, नयाँ पुस्ताका नेताहरूका लागि मार्गदर्शन गर्ने, अध्ययन वृत्त र सार्वजनिक प्रवचनहरू आयोजना गर्ने कार्यक्रम गरिने थापाले बताए।

चौथोमा स्थानीय नवप्रवर्तन र समस्या समाधानको विषयमा काम गरिने थापाले उद्घोष गरे। स्थानीयस्तरमा रहेका विशिष्ट समस्याहरू पहिचान गरी तिनको समाधान खोज्न कार्यकर्ताहरूलाई विद्यार्थी वा युवाहरूको उद्यमशीलता र नयाँ सोचलाई मार्गदर्शन गर्ने, सामुदायिक पुस्तकालय स्थापना वा भएका पुस्तकालयलाई सहयोग गर्ने, सार्वजनिक स्थलहरूको सुधार र व्यवस्थापनमा सिर्जनशील काम गर्नुपर्ने थापाको भनाइ छ। र, अन्तिम बुँदामा नागरिक सहजीकरण र सुशासनका पक्षमा काम गर्नुपर्ने थापाले बताए।

यसमा सरकारी सेवा प्राप्त गर्न सर्वसाधारणलाई सास्ती भइरहेको अवस्थामा कांग्रेसले सहजीकरणको भूमिका खेल्ने योजना पार्टीले बताएको थापाले बताए। ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूलाई सरकारी सेवा लिन सहयोग गर्ने, स्थानीय सरकारले गर्ने कामको अनुगमन गर्ने र नागरिकका आवश्यकतालाई सरकारसम्म पुऱ्याउने, स्थानीयस्तरमा सञ्चालित सार्वजनिक आयोजनाहरूको कार्यान्वयनको अवस्थाबारे 'वाचडग'को रूपमा अनुगमन गर्ने थापाको भनाइ थियो।

■■■

## सरकारलाई वैदेशिक...

यसबीचमा मिडिया क्याम्पेनिङमार्फत सरकारलाई हाम्रा समस्याहरू सुनाउँछौं। आन्दोलनको पूर्वतयारीहरू गर्छौं।'

रोजगारीमा पठाउन बन्द गर्नेबित्तिकै सरकारलाई श्रमिकहरूले नै दबाब दिने अध्यक्ष खत्रीको भनाइ छ। सरकारले वैदेशिक तथा आन्तरिक रोजगारीको महत्त्व बुझ्नुपर्नेमा उनले जोड दिए। 'रोजगारीमा एक महिना श्रमिक नपठाउनेबित्तिकै हामीले आन्दोलन गर्नै पर्दैन। कि रोजगार देऊ कि वैदेशिक रोजगारीमा जान देऊ भनेर श्रमिक आफैँले आन्दोलन गर्नुहुन्छ,' उनले भने, 'वैदेशिक रोजगारी र आन्तरिक रोजगार व्यवस्थापनको महत्त्व सरकारले बुझ्न जरुरी छ।'

संघले आज (शुक्रबार) श्रममन्त्री रामजी यादवसँग व्यवसायीले विगतका विषय तथा भेलामा छलफल भएका विषय समेटेर मागहरू राख्दै नीतिगत सुधार नहुँदासम्म श्रमिक पठाउन नसक्ने सन्देश दिने जानकारी दिएको छ। श्रम मन्त्रालयको नेतृत्वलाई करिब २० बुँदे माग राखिने अध्यक्ष खत्रीले बताए।

संघले विशेष परिस्थितिमा सरकारबाट भएको निर्णय मान्दा ५९८ इजाजतपत्र प्राप्त संस्थालाई गरिएको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने तथा व्यवसायीलाई विभागमा गरिएको व्यवहार आपत्तिजनक भएकाले त्यसलाई अविलम्ब परिवर्तन गरी सौहार्द्रपूर्ण परिवेशको निर्माण गर्ने विषय प्राथमिकताका साथ राख्ने जनाएको छ।

त्यस्तै, श्रमिकको पारदर्शी लागत र व्यवसायीको वैज्ञानिक सेवा शुल्क निर्धारण, वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ देखि १९ मा रहेको व्यवस्थाको अविलम्ब संशोधन, श्रम गन्तव्य मुलुकको हवाइभाडा न्यूनीकरण र कृत्रिम अभावको अन्त्य, नयाँ श्रम गन्तव्यको मागपत्र प्रमाणीकरणमा सहजीकरण, अन्तर्राष्ट्रिय श्रमबजारलाई विकेन्द्रीकरण गरिनुपर्ने, साउदी अरेबियाको सीप प्रमाणीकरण प्रणाली (एसभिपि), बायोमेट्रिक तथा संयुक्त अरब इमिरेट्स (युएई)को प्रहरी प्रमाणपत्रको खारेजीको माग मन्त्रालयसमक्ष राख्ने अध्यक्ष खत्रीले बताए। त्यस्तै, वैदेशिक रोजगारसम्बन्धी उजुरी, बिगो दाबी र फरफारक न्यायोचित हुनुपर्ने, वैदेशिक रोजगारसम्बन्धी संस्थागत र व्यक्तिगत उजुरी हेर्ने निकाय छुट्टाछुट्टै हुने व्यवस्था ऐनमा गरिनुपर्ने, कोरियाको ई-७ मागपत्र प्रमाणीकरण नियमित हुनुपर्नेलगायतका मागसमेत राखिने जनाइएको छ।

### विभागमाथि व्यवसायीको आक्रोश

बिहीबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आयोजना गरेको बृहत् व्यवसायी भेलामा सहभागी व्यवसायीहरूले वैदेशिक रोजगार विभागप्रति चरम असन्तुष्टि पोखे। विभागको पछिल्लो गतिविधिले व्यवसायीको छवि बिगार्नेदेखि श्रमिक भर्ना प्रक्रियालाई अप्ठ्यारो बनाएको उनीहरूको आरोप थियो। व्यवसायी तारानाथ अर्यालले विगतमा व्यवसायीले मेलमिलापमार्फत धेरै मुद्दाहरूको फस्र्योट गर्दै आएकोमा विभागले मेलमिलापको अन्तर्राष्ट्रिय प्रचलनलाई दुरुत्साहन गरेको आरोप लगाए। 'करोडौं धरौटीका मालिकहरूलाई विभाग प्रवेशमा निषेधजस्तै छ,' उनले भने, 'यहाँ आएको सबै व्यवसायीले त्यो भोग्नुभएको छ। सञ्चालकहरू मेलमिलपका लागि जाँदा अधिकृतको कोठाबाट गेट आउट भनिएको छ।'

व्यवसायी कुमुद खनालले विभागको गलत निर्णयले आफ्नो व्यवसायमा गम्भीर असर पुगेको बताए। लामो समयदेखि संघर्षबाट स्थापित संस्थाको छवि बिग्रिएकाले यसको जिम्मा कसले लिने भन्दै उनले प्रश्न गरे। 'व्यवसायीले गल्ती गऱ्यो भने धरौटी काटिन्छ तर नेपाल सरकारको कर्मचारीले गल्ती गरेर व्यवसायी प्रताडित हुँदा त्यसको जिम्मेवारी कसले लिने ?,' खनालले भने, 'डिजीको कारणले गर्दा मेरो ५०० मागपत्र गुम्यो। अन्तर्राष्ट्रिय समुदायमा मेरो नाम धमिलो बनाइदियो। मेरो नौ वर्षदेखिको परिश्रम शून्यमा झारिदियो।'

त्यस्तै अर्का व्यवसायी प्रज्ञान न्यौपानेले विभागको कारबाहीले म्यानपावरप्रति नागरिकको गलत मानसिकता बनेको बताए। 'विभागको डिजीले म्यानपावरहरू ठग हुन्, यिनीहरूले भारतीय बाटोबाट लुकाएर श्रमिक पठाउँदा रहेछन् भन्ने पारेको छ,' उनले भने।

विभागले अनलाइन प्रणालीबाट उजुरी दर्ता गराउने प्रणालीसमेत अस्पष्ट भएको न्यौपानेको भनाइ छ। प्रत्येक जिल्लाबाट उजुरी दिँदा त्यहाँ पुग्न नसकिने र अनलाइन उजुरीको संख्या संयन्त्रले थेग्न नसक्ने उनले बताए।

कार्यक्रममा सुझाव प्रस्तुत गर्ने सबै व्यवसायीहरूले काम गर्न नसक्ने स्थीतिमा पुगेकाले संघले तत्काल व्यवसाय बन्द गर्न आह्वान गर्नुपर्ने माग राखेका थिए।

■■■

## मधेसका...

उनीहरूसँग ३९ करोड ३९ लाख ६६ हजार ३३३ रूपैयाँ बिगो माग गरिएको छ। तत्कालीन उपसचिव उद्धवराज न्यौपानेसँग २० करोड रूपैयाँ बिगो माग गरिएको छ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७८/७९ मा आयोजनाको दोस्रो चरणका लागि नयाँ डिपिआर तयार गरिएको थियो। मूल डिपिआरमा नभएका संरचना त्यसमा थपिएका थिए। त्यसपछि लागत अनुमान बढाइएको थियो।

आयोगका अनुसार पहिलो चरणको डिपिआर पुनरावलोकन गरिएको थिएन। आयोजनाको आवश्यकता पर्याप्त अध्ययन गरिएको थिएन। जोखिम विश्लेषण गरिएको थिएन। आर्थिक सम्भाव्यता पनि मूल्यांकन गरिएको थिएन। त्यसपछि थप संरचना समावेश गरिएको थियो। यसबाट राज्यलाई ठूलो आर्थिक क्षति पुगेको आयोगको निष्कर्ष छ।

अनुसन्धानमा सार्वजनिक खरिद ऐनविपरीत मूल्यांकनका आधार बनाइएको खुलेको आयोगले जनाएको छ। ती आधार सीमित कम्पनीलाई अनुकूल हुने खालका थिए। त्यसपछि मिलेमतोमा ठेक्का सम्झौता गरिएको आरोप छ।

आयोगका अनुसार बिकोई/धुलिखेल जेभीका प्रतिनिधिले झूटा र किर्ते कागजात पेस गरेका थिए। त्यही कागजातका आधारमा ठेक्का प्राप्त गरिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ। आयोगले सबै प्रतिवादीविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कैद सजाय, बिगो असुल तथा बिगोबराबरको जरिवाना असुल गर्न मागसहित विशेष अदालतमा अभियोगपत्र दर्ता गरिएको जानकारी दिएको छ।

# तीन महिनामा सात हजार फरार प्रतिवादी पक्राउ

**काठमाडौं (प्रस)**– गत वैशाखदेखि असार मसान्तसम्म देशभरबाट विभिन्न मुद्दाका सात हजार २५१ फरार प्रतिवादीलाई पक्राउ परेका छन्। केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार केन्द्रीय अनुसन्धान ब्युरोबाट ४८, काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट एक हजार २३२, कोशी प्रदेशबाट ९६०, मधेसबाट दुई हजार ११७, बागमतीबाट ७६०, गण्डकीबाट ४५२, लुम्बिनीबाट एक हजार १८१, कर्णालीबाट १८७ र सुदूरपश्चिमबाट ३१४ जना पक्राउ परेका छन्।

सो अवधिमा पक्राउ परेका प्रतिवादीलाई तोकिएको दुई हजार ९३६ वर्ष चार महिना २५ दिन कैद सजाय कार्यान्वयनमा आएको छ। साथै उनीहरूबाट ७२ करोड ४७ लाख १२ हजार रूपैयाँ जरिवाना असुल उपर गरिएको छ। फैसला कार्यान्वयन तथा फरार अभियुक्त पक्राउ कार्यलाई उच्च प्राथमिकतामा राखिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए।

कर्तव्य ज्यान, लागुऔषध, जबर्जस्ती करणी, बैंकिङ कसुर, ठगीलगायत मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्न विशेष अभियान सञ्चालन गरिएको उनले बताए।


**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८।१०।२४ मा प्रा.लि नं. ९०४२८ मा दर्ता भएको **आर.एन.ट्रेड बिज प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।०६ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/०८ गते**

यस कम्पनीको मिति २०८३/०३/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शैलुङ मल्टीप्रपोज इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.**को नाम परिवर्तन गरी **नागमणि होल्डिङस् प्रा.लि. (दर्ता नम्बर ३९१८४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**युएइमा रोजगार**

कम्पनी : EMIRATES TASTE CATERING SERVICES FOOD LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०७ LT. No. 323664 चलानी नं. ६०२३८२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward | 7 | 0 | 900 | ३७,८०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 2 | 0 | 900 | ३७,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 1723/081/082

Sultan Gulf Overseasе Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

**युएईमा रोजगार**

कम्पनी : BURJ AL YASMEEN PLASTER CONT L.L.C.SP

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ LT. No. 345353 चलानी नं. ६०२५८६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT BRICK MASON | 3 | 0 | 1200 | ५०,४६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Plumbers | 3 | 0 | 1200 | ५०,४६५ | | | | | | | |
| 3 | ASSISTANT TILE LAYER | 3 | 0 | 1200 | ५०,४६५ | | | | | | | |
| 4 | Brick Layer | 3 | 0 | 1500 | ६३,०८२ | | | | | | | |
| 5 | Tile Layer | 8 | 0 | 1500 | ६३,०८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 1476/074/75

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Saraswotinagar, Chabahil, Kathmandu, Nepal
Ganga Prasad Giri Phone: 9801076290, E-mail : Nepallifera1476.2017@gmail.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, ०८ साउन, २०८३

**मेष** अबौद्धिक कार्यमा सफलता मिल्नेछ। आर्थिक कारोबार गर्दा सोचविचार गरेर निर्णय लिनु उपयुक्त हुनेछ।

**वृष** दाम्पत्य र प्रेम सम्बन्धमा मिठास बढ्नेछ। सहकार्यबाट राम्रो उपलब्धि प्राप्त हुने सम्भावना छ।

**मिथुन** धैर्य र संयमले चुनौती पार गर्न सकिनेछ। विवादमा नपरी आफ्नो काममा केन्द्रित हुनु लाभदायक हुनेछ।

**कर्कट** आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्। यात्रा वा नयाँ योजना सफल हुने संकेत देखिन्छ।

**सिंह** मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ। परिवारसँगको समय सुखद रहनेछ र मनमा उत्साह बढ्नेछ।

**कन्या** पुराना काम सम्पन्न र नयाँ अवसर प्राप्त। खर्चमा नियन्त्रण राखे आर्थिक अवस्था सन्तुलित रहनेछ।

**तुला** मनोकामना पूरा हुने संकेत देखिन्छ। आफन्तको सहयोगले महत्त्वपूर्ण निर्णय लिन सहज हुनेछ।

**वृश्चिक** आज नयाँ कामको थालनीका लागि समय अनुकूल छ। आर्थिक पक्षमा सुधार हुने संकेत देखिन्छ।

**धनु** पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ। व्यवसाय र जागिरमा गरेका प्रयासले सकारात्मक परिणाम।

**मकर** आत्मविश्वास बढ्ने दिन छ। नयाँ व्यक्तिसँगको भेटले भविष्यमा लाभदायक अवसर ल्याउन सक्छ।

**कुम्भ** कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। स्वास्थ्यमा सामान्य थकान देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोस।

**मीन** रोकिएका काम पूरा हुने सम्भावना छ। सामाजिक प्रतिष्ठा बढ्ने र शुभ समाचार प्राप्त हुने योग छ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०८ साउन, २०८३ (२४ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५४.२१ | १५४.८१ |
| युरो | १ को | १७५.८८ | १७६.५६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.१९ | २०७.०० |
| स्विस फ्रैन्क | १ को | १८९.७९ | १९०.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०७.८६ | १०८.२८ |
| क्यानाडियन डलर | १ को | १०९.३९ | १०९.८१ |
| सिङगापुर डलर | १ को | ११९.४३ | ११९.८९ |
| जापानी येन | १० को | ९.४६ | ९.५० |
| चिनियाँ युआन | १ को | २२.७७ | २२.८६ |
| साउदी अरब रियाल | १ को | ४१.०९ | ४१.२५ |
| कतारी रियाल | १ को | ४२.३० | ४२.४७ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.९९ | ४२.१५ |
| मलेसियन रिङेट | १ को | ३७.७३ | ३७.८८ |
| दक्षिण कोरियन वन | १०० को | १०.४१ | १०.४५ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २३.५३ | २३.६२ |
| हङकङ डलर | १ को | १९.६७ | १९.७५ |
| कुवेती दिनार | १ को | ५०१.०१ | ५०२.९६ |
| बहराइन दिनार | १ को | ४०८.९९ | ४१०.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।

# सरकारको प्रेस स्वतन्त्रताविरोधी नीतिविरुद्ध आन्दोलनमा महासंघ

## साउन ९ गते माइतीघरमा बृहत् प्रदर्शन गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समिति तथा काठमाडौं, ललितपुर र भक्तपुर शाखाले सरकारको प्रेस स्वतन्त्रता प्रतिकूल नीतिविरुद्ध आन्दोलन घोषणा गरेका छन् । सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथि प्रतिकूल नीति अवलम्बन गरेको आरोप लगाउँदै त्यसको विरोधमा साउन ९ गते माइतीघर मण्डलमा बृहत् प्रदर्शन गर्ने बिहीबार जारी संयुक्त प्रेस विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा आम निर्वाचनपछि गठन भएको वर्तमान सरकारबाट प्रेस स्वतन्त्रताको संवैधानिक मर्मअनुसार सञ्चार क्षेत्रमैत्री नीति आउने अपेक्षा गरिएको भए पनि व्यवहारमा प्रेसमाथि दबाब, अभिव्यक्ति स्वतन्त्रतामा संकुचन तथा सञ्चारगृह लक्षित गतिविधि बढ्दै गएको उल्लेख गरिएको छ । महासंघले यस्ता गतिविधिका कारण नेपाली सञ्चार क्षेत्र डरलाग्दो स्वनियन्त्रणको अवस्थाबाट गुज्रिरहेको दाबी गरेको छ ।

महासंघका अनुसार लोकतान्त्रिक व्यवस्थामा सञ्चार क्षेत्रले लामो समयदेखि उठाउँदै आएका समानुपातिक विज्ञापन नीति कार्यान्वयन, साना तथा स्वरोजगार सञ्चारमाध्यमको संरक्षण, लोककल्याणकारी विज्ञापन व्यवस्थाको समयानुकूल सुधार, श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन, सञ्चार क्षेत्रसँग सम्बन्धित आवश्यक संरचनाको गठन तथा पत्रकारको बिमा र सामाजिक सुरक्षालगायतका मागप्रति सरकारले बेवास्ता गरेको छ ।

विज्ञप्तिमा निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन वितरणमा लगाइएको प्रतिबन्ध सर्वोच्च अदालतको आदेशबाट हटाइएको स्वागत गरिएको छ । यद्यपि, त्यसको प्रभावकारी कार्यान्वयनप्रति भने आशंका व्यक्त गरिएको छ । अदालतको आदेश व्यवहारमा कार्यान्वयन नभए सञ्चार क्षेत्र थप समस्यामा पर्ने महासंघको भनाइ छ ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चारगृहको सुरक्षा र नागरिक अधिकारको संरक्षण सुनिश्चित गर्न सरकारसँग तत्काल प्रतिकूल नीतिहरू फिर्ता लिन माग गरेको छ । साथै संविधानले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रता, अन्तर्राष्ट्रिय मान्यता र लोकतान्त्रिक अभ्यासको सम्मान गर्न सरकारलाई आग्रह गरिएको छ ।

यही मागलाई थप सशक्त रूपमा उठाउन नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समिति तथा काठमाडौं, ललितपुर र भक्तपुर शाखाले साउन ९ गते, शनिबार दिउसो ३ बजे काठमाडौंको माइतीघर मण्डलमा बृहत् विरोध प्रदर्शन गर्ने निर्णय गरेको छ । कार्यक्रममा सञ्चारकर्मी, नागरिक अधिकारका पक्षधर तथा सरोकारवालालाई सक्रिय सहभागिताका लागि महासंघले आह्वान गरेको छ ।



**बगलामुखीमा भक्तजन** | ललितपुर महानगरपालिका-११ स्थित बगलामुखी मन्दिरमा पूजापाठ तथा दर्शनपश्चात् धूपबत्ती दिँदै भक्तजन । *तस्बिर: रासस*

# विश्वविद्यालयमा दलीय भागबण्डा अन्त्य गर्न आग्रह

**काठमाडौं (प्रस)–** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता बढाउँदै दलीय भागबण्डा अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् ।

त्रिभुवन विश्वविद्यालयको ६७औं वार्षिकोत्सवका अवसरमा बिहीबार कीर्तिपुरमा आयोजित कार्यक्रममा सहकुलपति पोखरेलले सुधार र रूपान्तरणको दृष्टिकोणसहित सबै विश्वविद्यालयमा उपकुलपतिहरू नियुक्त भएसँगै विश्वविद्यालयहरू गतिशील भइरहेको बताए । उनले त्रिविको पुरानो पहिचान कायम राख्दै नयाँ अध्यायको प्रारम्भ गर्ने, प्राज्ञिक स्वायत्ततालाई थप प्रोत्साहन गर्दै दलीय भागबण्डाको अन्त्य गर्ने र योग्यता प्रणाली कार्यान्वयन गर्न आग्रह गरे ।

विश्वविद्यालयहरूमा सरकारबाट कुनै पनि प्रकारको हस्तक्षेप वा दबाब नहुने उल्लेख गर्दै मन्त्री पोखरेलले नवनियुक्त उपकुलपतिलगायत विश्वविद्यालयको सम्पूर्ण संयन्त्रलाई सुशासनको प्रत्याभूति हुनेगरी काम गर्न अनुरोध गरे । उनले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन र त्रिविका प्राध्यापकहरूलाई विश्वका विश्वविद्यालयहरूसँग ज्ञान आदानप्रदान गर्न सुझाए ।

विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले उच्च शिक्षाको ऐतिहासिक निकाय तथा उच्च शिक्षाको राष्ट्रिय धरोहरका रूपमा परिचित त्रिभुवन विश्वविद्यालयलाई बदलिँदो परिस्थितिअनुरूप थप गुणस्तरीय बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले सुशासन कायम गर्न प्रणाली स्थापना गर्ने, विश्वस्तरमा सहकार्यमा जोड दिइ ज्ञान, अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित भई नैतिक तथा प्रतिस्पर्धी शैक्षिक संस्थाका रूपमा अघि बढाउने बताए । कार्यक्रममा त्रिविको वार्षिक प्रकाशनसमेत विमोचन गरिएको थियो ।

# औषधिको मूल्य समायोजन प्रक्रिया अघि बढाउँदै सरकार

**काठमाडौं (प्रस)–** क्यान्सर तथा अन्य केही गम्भीर रोगको उपचारमा प्रयोग हुने औषधिको बेलाबेलामा देखिने अभावलाई स्थायीरूपमा समाधान गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको छ । कच्चा पदार्थको मूल्यमा हुने उतारचढावका कारण औषधि अभाव हुने समस्या समाधान गर्न औषधिको मूल्य समायोजनलगायत उपाय अवलम्बन गर्ने तयारी गरिएको हो ।

गत साता औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक शिवानी खड्गीको अध्यक्षतामा बसेको मूल्य अनुगमन समितिको बैठकले अत्यावश्यक औषधिको अभाव हुन नदिन मूल्य समायोजनसहित आवश्यक नीतिगत सुधार अघि बढाउने निर्णय गरेको थियो ।

निमित्त महानिर्देशक खड्गीका अनुसार विगत ११ वर्षदेखि औषधिको मूल्य समायोजन नभएका कारण केही औषधिको आपूर्तिमा समस्या देखिएको छ । उनका अनुसार केही औषधिको बजार मूल्य सरकारले तोकेको मूल्यभन्दा धेरै बढिसकेकाले उत्पादक तथा आयातकर्ताले पुरानै मूल्यमा बिक्री गर्न नसक्दा बजारमा अभाव सिर्जना भएको छ ।

अर्कोतर्फ, केही औषधिको बजार मूल्य घटिसकेको भए पनि सरकारले निर्धारण गरेको मूल्य अझै उच्च रहेकाले ती औषधिको मूल्य घटाउनुपर्ने अवस्था पनि रहेको छ। मूल्य समायोजनसम्बन्धी मूल्य अनुगमन समितिको सिफारिस स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीको अध्यक्षतामा बस्ने औषधि परामर्श परिषद्मा पेस गरिने कानुनी व्यवस्था छ । परिषद्बाट स्वीकृत भएपछि प्रस्ताव मन्त्रिपरिषद्मा पठाइने छ ।

मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि निर्णय नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आउने छ । करिब दुई साताअघि बजारमा क्यान्सर उपचारमा प्रयोग हुने प्लाटिनम समूहका कार्बोप्लाटिन र सिस्प्लाटिनलगायत औषधि तथा सलाइनमार्फत दिइने केही इन्जेक्सन औषधिको अभाव देखिएको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०२/२८ मा दर्ता भएको **प्रा. लि. नं. ११३३४१** को **रघु मल्टिपर्पोज एग्रिकल्चर फार्म हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Skyways Bureau Services Pvt. Ltd.** (ई.प.नं. ८७१/०६६/६७) मा कार्यरत **शुशिल थापा** (ना.प्र.प्र.नं.९/१४६९) यहि मिति : ०७/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०३/०२ गते का.जि.ता.न.पा. वडा नं. ६, नयाँवस्ती सिर्जना स्कुल नजिक घर अगाडी पार्किङ गरी राखिएको अवस्थामा कालो/निलो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल दिनको अन्दाजी २:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : मन कुमार तामाङ**
**बाइक नं.: बा.प्र.-०२-०५७ प ९११०**
**च्यासिस नं.: MD2A13EX2SCA81947**
**इन्जिन नं. : DKXCSA16097**
**ठेगाना : बौद्ध, नयाँ बस्ती, काठमाडौं**
**सम्पर्क नं. ९८०३९७०५५०**



**युएइमा रोजगार** कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 335887 | चलानी नं. ६०२४९४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith (Welder) | 21 | 0 | 1500 | ६३.०८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1500 | ६३.०८२ | | | | | | | |
| 3 | Labour | 21 | 0 | 1000 | ६३.०८२ | | | | | | | |
| 4 | Painter/blaster | 18 | 0 | 1500 | ६३.०८२ | | | | | | | |
| 5 | Tile Layer. | 20 | 0 | 1500 | ६३.०८२ | | | | | | | |
| 6 | Welders (Cs, Tig, Mig, Arc, Ss, Cn) | 20 | 0 | 1500 | ६३.०८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866



**पचली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
भंसारमार्ग, टेकु - १२, काठमाडौंको
**सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

श्री शेयरधनी महानुभावहरु,
यस पचली बहुउद्देश्यीय सहकारी संस्था लि., टेकुको सत्रौं वार्षिक साधारण सभा देहाय बमोजिम बस्ने भएको हुनाले सम्वन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, स्थान र समय:-
मिति : २०८३ साल श्रावण २३ गते शनिबार
स्थान : पचली बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय, टेकु, काठमाडौं ।
समय : विहान १०:०० बजे ।

संचालक समितिको आज्ञाले
**सदस्य सचिव**



**बहराइनमा रोजगार** कम्पनी : BISCOTTO SWEETS

पूर्व स्वीकृति मिति : २०८२/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 336841 | चलानी नं. ६०२५०३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | 120 | ४९,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १३ गते (29th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga-9, Sinamangal, Chandrodaya Marga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075



**हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
डि.स.का. द.नं. २१५८/०६५/६६
च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं
NEFSCUN

**अचल सम्पति लिलाम सम्बन्धि ७ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति: २०८३/०४/०८ (तेस्रो पटक)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले तपशिलमा उल्लेखित अचल सम्पतिहरुको धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जाको भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट ऋणीलाई बारम्बार लिखित, मौखिक तथा विद्युतिय माध्यमहरुबाट तरताकेता साथै मिति २०८२ साल साउन १९ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ दिने सार्वजनिक सूचना र पहिलो पटक मिति २०८२ साल भदौ ३० गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना र पुनः दोस्रो पटक मिति २०८२ साल पुस २५ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा १५ दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पतिहरु लिलाम बिक्रीको लागि तेस्रो पटक यो ७ दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको साँवा, व्याज तथा हर्जाना लगायत अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कानून बमोजिम कालो सुचीमा समावेश गरिने जानकारी गराईन्छ। निज ऋणीसंग लिनुपर्ने लिलाम हुने मिति सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी उल्लेखित धितो सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। त्यसैले तपशिलमा उल्लेखित उक्त धितो जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरि लिन चाहने व्यक्ति वा फर्म, कम्पनी वा अन्य संघ संस्थाहरुले तल उल्लेखित मिति भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको सम्पर्क कार्यालय चन्द्रागिरि १२, हाईवे, बलम्बु, काठमाडौंमा आईपुग्ने गरि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै उक्त सम्पति लिलाम बिक्री गर्दा संस्थाको लेना रकम बाँकी रहेमा ऋणी धनजमानीहरुको अन्य घै-घरानाबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। उक्त लिलामको दिन ऋणी, जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैलाई पनि उपस्थित हुनुहुन समेत अनुरोध गराईन्छ। उल्लेखित सम्पतिहरु लिलाम बिक्री नभएमा सो सम्पतिहरु प्रचलित कानून बमोजिम संस्था आफैले सकार गरि लिनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल साउन १४ गते
शिलबन्दी खोल्ने मिति र समय : २०८२ साल साउन १५ गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)
शिलबन्दी खोल्ने स्थान : संस्थाको सम्पर्क कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, हाईवे, बलम्बु, काठमाडौं

**तपशिल:**

| ऋणीको तीन पुस्ते विवरण र फोटो | जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो |
|---|---|
| नाम : हिरा बहादुर महर्जन (स.नं. : ००१७२) | नाम : अष्ट माया महर्जन (स.नं. : ०२८६३) |
| सा. ठेगाना : बलम्बु-६, काठमाडौं | सा. ठेगाना : बलम्बु-६, काठमाडौं |
| हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं | हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं |
| ना.प्र.नं. : १०२११ | ना.प्र.नं. : ४१५५/३२२२२ |
| बुबाको नाम : ज्ञान बहादुर महर्जन | बुबाको नाम : श्याम बहादुर महर्जन |
| बाजेको नाम : माहिला महर्जन | बाजेको नाम : कृष्ण बहादुर महर्जन |
|  |  |

**लिलाम हुने धितोको विवरण**

श्री हिरा बहादुर महर्जनको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको बलम्बु वडा नं. ८ किता नं. ८०४ को १-४-३-० (६५९.७५ व.मि) को जग्गा ।

**बोलपत्र दाताको लागि शर्तहरु :**

१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम प्रभु बैंक लि. गुर्जुधारा शाखामा रहेको यस संस्थाको खाता नं. १२३००९३५१००००२१ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ । संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुनः लिलाम प्रक्रियामा जान सक्नेछ ।



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०५/१८ मा दर्ता भएको **प्रा.लि. नं. ३५१५७३** को **मन्सुर रेडिमेड गार्मेन्टस प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**



**जोर्डनमा रोजगार** कम्पनी : BALQIS COMPANY FOR RECRUITING DOMESTIC WORKERS

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 345092 | चलानी नं. ६०२५८५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic worker/housemaid | 0 | 25 | 300 | ४६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Domestic Worker (Experienced) | 0 | 25 | 350 | ५३,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
श्रम इजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Email: service.bhairabintl@gmail.com



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/२५ मा दर्ता भएको **प्रा.लि. नं. २४४८२९** को **रेमन मदिरा डिल्लर प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटर: हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**



**जापानमा रोजगार** कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 345171 | चलानी नं. ६०२५८६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator/General Workers | 0 | 9 | 180484 | १,७०,४१० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०४/०७ | LT. No. 344850 | चलानी नं. ६०२५८६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gas Welder | 5 | 0 | 187320 | १,७६,८६५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः कामम लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717, Mahesh Shrestha +977 985-1002795
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com
Govt. License No. 1440/074/75



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/२१ मा दर्ता भएको प्रा.लि.नं. २५८०५० को **ओजस्वी एकता ग्रुप प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### अनलाइन प्रणाली व्यवस्थित बनाऊ

**सरकारले हरेक क्षेत्रमा सुशासनको प्रतिबद्धता जनाउँदै आएको छ । तर पछिल्ला दिन राजस्व संकलन हुने प्रमुख ठाउँहरू अनलाइन प्रणाली अपडेट र सिस्टम खराबीको नाममा अस्तव्यस्त हुन थालेका छन् । कतिपय ठाउँमा ज्येष्ठ नागरिकको परिचयपत्र नवीकरण हुन सकेको छैन । चालक अनुमतिपत्र नवीकरण तथा नयाँ परीक्षा अवरुद्ध छ । यातायात व्यवस्था विभागले अनलाइन प्रणाली अपडेटका लागि भन्दै यो सेवा बन्द गरेर राखेको छ ।**

**यसैगरी घरजग्गाका लागि तिरो तिर्न बनाएको 'सूत्र' प्रणालीमा पनि समस्या देखिएको छ । यसले गर्दा देशभर भूमि कर प्रभावित बनेको छ । भूमिकर प्रभावित हुँदा घरजग्गा कारोबारसमेत प्रभावित भएको छ । सरकारले सबै सेवा अनलाइनबाट दिने भनेर घोषणा गरेका क्षेत्रहरूमा भौतिकरूपमा उपस्थित हुँदासमेत काम नभएर सेवाग्राही हैरान भएका छन् । यसअघिका सरकारझैं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले पनि कर्मचारीलाई निर्देशन दिने र आफूले ठूलै काम गरेको भन्दै प्रचार गर्नेबाहेक अरू काम भएको छैन ।**

**सरकारी निकायमा काम हुन सबैभन्दा पहिले अनलाइन प्रणाली मजबुत बनाउनुपर्छ । सरकारले सञ्चालन गरिरहेका प्रणालीहरू पुराना हुन् वा नयाँ भन्नेबारेमा प्रस्ट हुनुपर्छ । भूमि व्यवस्था विभागले सुरू गरेको अनलाइन प्रणाली १० वर्ष पुरानो भएकोले घरजग्गा किनबेचसमेत प्रभावित हुँदै आएको छ । यसैगरी अरू अनलाइन प्रणालीमा पनि अपडेट नहुँदा सेवाग्राहीले हैरानी खेप्नुपरेको हो । एकातिर दक्ष जनशक्तिको अभाव, अर्कोतिर सस्तो अनलाइन प्रणाली र धान्दै नधान्ने सिस्टम राखेर काम गर्दा अनलाइन कामहरू प्रभावित हुँदै आएका छन् । यस्तो अवस्थामा सरकारको काम सहजीकरण गर्नु हो ।**

**सिस्टम नयाँ ल्याउने, कर्मचारीलाई प्रोत्साहन गर्ने र अनलाइन प्रणालीलाई छिटोछरितो बनाउने अत्याधुनिक प्रविधिको विकास अहिलेको निर्विकल्प उपाय हो । हरेक देशमा यस्ता प्रणाली बर्सेनि अपडेट हुन्छ । हाम्रोमा भने एक दशक पुरानो सफ्टवेयर, दशक पुरानो अपरेटिङ सिस्टम हुँदा सबै काममा अवरोध आउने नै भयो । यस्तो हुँदै गए भोलिका दिनमा अनलाइन प्रणालीकै कारण सरकारप्रति जनता आक्रोशित बन्न सक्छन् ।**

**त्यसैले सरकारले बेलैमा यसबारे सोच्नुपर्छ । अहिले बेलाबेला विद्युत् आपूर्ति बन्द हुने समस्यासमेत आउन थालेको छ । यसले गर्दा अनलाइन प्रणालीबाटै काम हुने विषय ठप्प हुन सक्छ । यस्तो अवस्था आउन नदिन सरकारले बेलैमा यस्तो विषयमा विस्तृत अध्ययन तथा लगानी बढाउनुपर्छ । नभए भाषण गरेर काम छैन । सरकारले यसबारे बेलैमा सोचोस् ।**

# सुशासन र लोकतन्त्रको अन्तरसम्बन्ध



श्यामप्रसाद मैनाली

"नेपालमा सुशासनको अभाव कुनै एक दल, एक नेता वा एक सरकारको मात्र समस्या होइन । यो राजनीतिक संस्कृति, संस्थागत कमजोरी र नागरिक चेतनासँग जोडिएको राष्ट्रिय चुनौती हो । जबसम्म चुनाव जित्ने माध्यम केवल आकर्षक नारा र भावनात्मक भाषण रहिरहन्छ, तबसम्म 'नयाँ बोतलमा पुरानो रक्सी' को अवस्था दोहोरिरहन सक्छ । सुशासनको वास्तविक यात्रा तब सुरु हुन्छ, जब व्यक्ति होइन, पद्धति बलियो हुन्छ । सत्ता होइन, संस्था शक्तिशाली हुन्छ । नारा होइन, परिणामले जनताको विश्वास जित्छ ।

हरेक राजनीतिक आन्दोलनपछि नेपाली जनताले एउटा नयाँ आशा बोकेका हुन्छन् । २००७ सालको परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन, संविधान निर्माण तथा त्यसपछि भएका निर्वाचनहरूमा सुन्दर आकर्षक चुनावी घोषणापत्र लिएर राजनीतिक दलहरू निर्वाचनमा होमिए । निर्वाचनको हरेक चरणमा जनतालाई सबै राजनीतिक दलहरूबाट एउटै वाचा सुनाइयो । उनीहरूमध्ये जो कोही शासन सत्तामा पुगे पनि नेपाली जनतालाई सुशासन, भ्रष्टाचार नियन्त्रण, कानुनी शासन र समृद्ध नेपालका पक्षमा दृढताका साथ लागिपर्ने वाचा बन्धन गरे ।

राष्ट्रिय राजनीतिमा पकड जमाएका केही सीमित राजनीतिक दलहरू पटक-पटक सत्तामा पुगे तर विडम्बना, जनताले खोजेको परिवर्तनभन्दा सत्ता सम्हालेकाहरूको व्यवहार धेरैपटक उस्तै देखियो । अनुहार फेरिए, नाराहरू फेरिए, दल फेरिए तर शासनको शैलीमा अपेक्षित परिवर्तन आएन । त्यसैले धेरै नेपालीको मनमा आज एउटा प्रश्न गुञ्जिरहेको छ । के नेपालमा सुशासन केवल चुनावी नारामात्र हो ? के कुनै पनि लोकतान्त्रिक आन्दोलनमा सफलता प्राप्त गर्न राजनीति गर्दै आएका दलहरू जनताप्रति इमान्दार नभएकै हुन् त ?

निर्वाचनका बेला राजनीतिक दलहरूले जनताको चाहना, निराशा र भावनालाई बुझेर आकर्षक घोषणापत्र सार्वजनिक गर्छन् तर सरकारमा पुगेपछि ती प्रतिबद्धताहरू कार्यान्वयनभन्दा सत्ता जोगाउने, आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्ने र शक्ति केन्द्रहरूलाई सन्तुष्ट पार्ने कार्यमा बढी ऊर्जा खर्च भएको देखिन्छ । परिणामतः जनताको विश्वास कमजोर हुँदै गएको छ । नेपाल आज केवल आन्तरिक राजनीतिक प्रयोगको केन्द्रमात्र बनेको छैन, भूराजनीतिक प्रतिस्पर्धाको पनि केन्द्र बनेको अनुभूति हुन्छ ।

दुई विशाल छिमेकी राष्ट्रका रणनीतिक चासो, अन्तर्राष्ट्रिय शक्तिहरूको प्रभाव र देशभित्रको अस्थिर राजनीतिक संस्कृतिले नेपाललाई बारम्बार प्रयोगशाला बनाइरहेको छ । यस्तो अवस्थामा स्थायी नीति, संस्थागत निर्णय र दीर्घकालीन राष्ट्रिय हित ओझेलमा पर्न थालेका छन् ।

विश्वका केही देशहरूले भने यस्तै कठिन अवस्थाबाट सफलतापूर्वक सुशासनको यात्रा तय गरेका छन् । सिंगापुर स्वतन्त्र भएपछि भ्रष्टाचार, गरिबी र सीमित स्रोतले ग्रस्त थियो तर त्यहाँ कडा कानुनी शासन, निष्पक्ष प्रशासन, योग्यता आधारित नियुक्ति र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाइयो । परिणामस्वरूप आज सिंगापुर विश्वकै सुशासित राष्ट्रहरूमध्ये एक मानिन्छ । जर्जियाले सन् २००३ को 'रोज रिभोलुसन'पछि प्रहरी, प्रशासन र सार्वजनिक सेवामा व्यापक सुधार गर्‍यो । भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत परिवर्तन गरियो र केही वर्षमै नागरिकको राज्यप्रतिको विश्वास उल्लेखनीयरूपमा बढ्यो ।

रुवान्डाले नरसंहारपछि राष्ट्रिय पुनर्निर्माणमा अनुशासन, जवाफदेहिता र विकासलाई प्राथमिकता दियो । यद्यपि, त्यहाँ लोकतान्त्रिक स्वतन्त्रताबारे आलोचना पनि छन् तर सार्वजनिक प्रशासनको प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा उल्लेखनीय सुधार देखिएको छ । यी उदाहरणहरूले एउटा स्पष्ट सन्देश दिन्छन् । सुशासन केवल राम्रो नेता आएर मात्र स्थापित हुँदैन । बलियो संस्था, निष्पक्ष कानुन, उत्तरदायी प्रशासन र जागरूक नागरिकको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ । तसर्थ, त्यसमा सुशासन कायम गर्न संयुक्त प्रयास जरुरी छ ।

नेपालमा पनि सुशासनको आधार तयार गर्न केही अपरिहार्य कदम आवश्यक छन् । कानुन सबैका लागि समानरूपमा लागू हुनुपर्छ । संवैधानिक निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ । नियुक्ति, बढुवा र सार्वजनिक सेवा पूर्णरूपमा योग्यता र पारदर्शितामा आधारित हुनुपर्छ । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र बलियो हुनुपर्छ । निर्वाचनलाई केवल लोकप्रिय नाराको प्रतिस्पर्धा नभई नीति र कार्यसम्पादनको मूल्यांकन गर्ने माध्यम बनाइनुपर्छ । नागरिक समाज, सञ्चारमाध्यम र सचेत मतदाताले पनि निरन्तर निगरानी र दबाब कायम राख्नुपर्छ ।

### नागरिक सडकमा निस्किनु लोकतन्त्रको असफलता

लोकतन्त्र केवल निर्वाचन सम्पन्न हुनु वा सरकार परिवर्तन हुनुमात्र होइन । यसको वास्तविक सफलता तब मापन हुन्छ, जब नागरिकले आफ्ना अधिकारको रक्षा, न्यायको प्राप्ति र राज्यबाट सेवा लिनका लागि पटक-पटक सडकमा उत्रनु नपरोस् । जनआन्दोलनको उद्देश्य तानाशाही शासनको अन्त्यमात्र होइन, जनउत्तरदायी, पारदर्शी र कानुनको शासनमा आधारित राज्य व्यवस्था निर्माण गर्नु पनि हो । तानाशाही शासनमा नागरिकका आवाज दबाइन्छन् । असहमतिलाई अपराध ठानिन्छ । राज्य शक्ति नागरिकमाथि नियन्त्रण कायम गर्न प्रयोग गरिन्छ । त्यसैले जनआन्दोलन जन्मिन्छ तर जनआन्दोलनपछि स्थापित लोकतान्त्रिक सरकारले पनि नागरिकलाई आफ्ना सामान्य अधिकारका लागि निरन्तर आन्दोलन गर्न बाध्य बनायो भने त्यो लोकतन्त्रको अपूर्णता हो ।

लोकतान्त्रिक सरकारको पहिलो दायित्व भनेको नागरिकका गुनासा सुन्ने, कानुनी र संस्थागत माध्यमबाट समाधान गर्ने तथा राज्यप्रति जनविश्वास बढाउने हो । नागरिकले सडकलाई अन्तिम विकल्पकारूपमा मात्र प्रयोग गर्नुपर्ने अवस्था सिर्जना गर्नु नै सुशासनको परिचायक हो । हरेक समस्या समाधान गर्न सडक नै रोज्नुपर्ने अवस्था रहिरह्यो भने लोकतान्त्रिक संस्थाहरू कमजोर भएको सन्देश जान्छ । विश्वका सफल लोकतन्त्रमा सरकार परिवर्तन हुन्छ तर राज्यका संस्थाहरू स्थिर रहन्छन् । अदालत स्वतन्त्र हुन्छ, संसद् प्रभावकारी हुन्छ, अख्तियार र नियामक निकायहरू निष्पक्ष हुन्छन्, सार्वजनिक प्रशासन कानुनअनुसार चल्छ । त्यसैले नागरिकका धेरैजसो समस्या सडकमा होइन, संस्थाभित्रै समाधान हुन्छन् ।

नेपालमा भने परिवर्तनपछि पनि धेरै नागरिकले आफ्ना अधिकारका लागि आन्दोलन, धर्ना, बन्द र प्रदर्शनलाई नै अन्तिम उपाय मान्नुपर्ने अवस्था बेलाबेलामा देखिएको छ । यसले राजनीतिक परिवर्तन भए पनि शासन शैलीमा अपेक्षित सुधार हुन नसकेको संकेत गर्दछ । नागरिकको धैर्यको परीक्षा बारम्बार लिने व्यवस्था दीर्घकालीनरूपमा लोकतन्त्रका लागि पनि चुनौती बन्छ । सुशासनको आधार भनेको सरकारको जवाफदेहिता, पारदर्शिता, कानुनको समान कार्यान्वयन र सार्वजनिक संस्थाहरूको विश्वसनीयता हो । सरकारले आफ्ना निर्णयको उत्तर दिन्छ र स्वामित्व ग्रहण गर्दछ । सार्वजनिक पदाधिकारीहरू कानुनभन्दा माथि हुँदैनन्, भ्रष्टाचारीमाथि निष्पक्ष कारबाही हुन्छ र नागरिकका गुनासा छिटो सम्बोधन हुन्छन्, तब लोकतन्त्र बलियो बन्छ ।

जनआन्दोलनको अन्तिम लक्ष्य अर्को आन्दोलनको तयारी गर्नु होइन, आन्दोलनको आवश्यकता नै कम हुने समाज निर्माण गर्नु हो । जब नागरिकले न्यायका लागि सडक होइन अदालतमा विश्वास गर्छन्, सेवा प्राप्त गर्न आन्दोलन होइन, प्रशासनमा भरोसा गर्छन्, सरकार आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्छन, तबमात्र लोकतन्त्र परिपक्व हुन्छ ।

लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि सरकार परिवर्तन होइन । नागरिकलाई आफ्ना अधिकारका लागि बारम्बार सडकमा उत्रिन नपर्ने अवस्था सिर्जना गर्नु हो । त्यही अवस्थामा शासकहरू नागरिकप्रति वास्तविकरूपमा जवाफदेही हुन्छन्, लोकतान्त्रिक संस्थाहरू सुदृढ हुन्छन् र कानुनी शासन राष्ट्रको स्थायी संस्कारका रूपमा स्थापित हुन्छ । नेपालमा आवधिक निर्वाचन सम्पन्न हुँदा पाँच वर्ष अवधि पूरा गरेका उदाहरणहरू विरलै छन् । बीचबीचमै सडकमार्फत अथवा सरकारमार्फत संसद् समाप्त भएको छ र पुनः निर्वाचनमा जाने परिस्थिति बनेको छ । यो परिस्थिति सिर्जना हुनु लोकतन्त्रमाथि प्रश्नचिह्न खडा गर्नु हो ।

### स्वतन्त्र निकायहरू सुदृढ नहुनु लोकतन्त्रमा गम्भीर प्रश्न

नेपालका लोकतान्त्रिक संस्थाहरू अत्यन्त कमजोर भएका छन् । संवैधानिक निकायहरूमा योग्यता प्रणालीलाई गौण आकलन गर्दै आफूनिकट व्यक्तिहरूलाई जिम्मेवारी दिने प्रचलनले अभ्यस्तता प्राप्त गरेको छ । उनीहरूको भक्तिभाव आफूलाई जिम्मेवारी दिनेप्रति हुनु मानवीय स्वभाव हो । यो पद्धतिकै कमजोरीका कारण संवैधानिक निकायहरू जसले कार्यकारणी अधिकारको कटौती गर्दछन् स्वतन्त्ररूपमा काम गर्न संवैधानिक हैसियत प्रदान गरिदिएको हुन्छ तर उनीहरू सरकारमा र सत्तामा रहनेहरूको सहयोगीका रूपमामात्रै प्रस्तुत हुन्छन् । यो अवस्थाको अन्त्य जुन दिनसम्म हुँदैन सुशासनको नारा सिद्धान्तमामात्र सीमित रहन्छ ।

नेपालमा विभिन्न कालखण्डहरूमा विभिन्न दलहरूले सुशासन पक्षमा आफू प्रतिबद्ध रहेको देखाउँदै मतदाताहरूलाई आफूतर्फ आकर्षित गरे । जब शासनमा पुगे तब भ्रष्टाचारमा लिप्त हुन पुगे, स्वार्थको संघर्षलाई आफ्नो दैनिकी बनाए । नातावाद कृपावादलाई सामान्यरूपमा दिँदै गए । लोकतान्त्रिक मूल्य र मान्यताहरूमा हदैसम्मको समझदारी उनीहरूबाट हुँदै गयो । कार्यकारणी अंग राज्यका अन्य दुई अंगहरूभन्दा धेरै शक्तिशाली बन्दै गयो । ठूलाठूला आर्थिक घोटालाहरूलाई नीतिगत निर्णयको आवरणमा अभयदान दिने प्रपञ्च रचियो । यसमा ठूला दलहरू सबैको मतैक्यता रह्यो । यस अवस्थामा देशमा सुशासन भनेको मृगतृष्णा हुने नै भयो ।

नेपालमा सुशासनको अभाव कुनै एक दल, एक नेता वा एक सरकारको मात्र समस्या होइन । यो राजनीतिक संस्कृति, संस्थागत कमजोरी र नागरिक चेतनासँग जोडिएको राष्ट्रिय चुनौती हो । जबसम्म चुनाव जित्ने माध्यम केवल आकर्षक नारा र भावनात्मक भाषण रहिरहन्छ, तबसम्म 'नयाँ बोतलमा पुरानो रक्सी' को अवस्था दोहोरिरहन सक्छ ।

सुशासनको वास्तविक यात्रा तब सुरु हुन्छ, जब व्यक्ति होइन, पद्धति बलियो हुन्छ । सत्ता होइन, संस्था शक्तिशाली हुन्छ । नारा होइन, परिणामले जनताको विश्वास जित्छ । जब कानुन सबैका लागि समान रूपले लागू गरिन्छ, सुशासनको जग त्यहीँबाट प्रारम्भ हुन्छ । नेपालले अब अर्को राजनीतिक प्रयोग होइन, स्थायी कानुनी शासन, संस्थागत उत्तरदायित्व र राष्ट्रिय हितलाई केन्द्रमा राख्ने परिपक्व लोकतान्त्रिक संस्कृतिको आवश्यकता महसुस गरिरहेको छ । यही मार्गलेमात्र राजनीतिक अस्थिरताको अन्त्य, भ्रष्टाचार नियन्त्रण र समृद्ध नेपालको सपना साकार पार्न सकिन्छ । *रासस*

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

## पाठक मञ्च

# व्यक्तिगत अहम् छाडेर बृहत्तर एकताको बाटो रोजौं

हालै बिपी स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका शीर्ष नेताहरूले व्यक्त गरेका विचार र त्यसपछि उत्पन्न राजनीतिक तरंगले मजस्ता आमनागरिक एवं लोकतन्त्रप्रति निष्ठावान् शुभेच्छुकहरूलाई गम्भीर र चिन्तित बनाएको छ । नेता पूर्णबहादुर खड्का, डा. शेखर कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधिसहितका अग्रज नेताहरूले दिएको अभिव्यक्तिले नेपाली कांग्रेस पुनः एकपटक गम्भीर विभाजनको संघारमा पुगेको प्रस्ट संकेत गर्छ । 'पार्टी मिलाउने कि फुटाउने भन्ने जिम्मा सभापति गगन थापाको हातमा छ' भन्ने भनाइ एकातिर एकताको याचना जस्तो देखिन्छ भने अर्कोतिर साउन २९ को राष्ट्रिय भेलालाई 'वार कि पार' को अन्तिम बिन्दु घोषणा गरिनुले स्पष्टरूपमा पार्टी विभाजनको चेतावनी दिइरहेको छ ।

नेपाली कांग्रेस केवल एउटा राजनीतिक दलमात्र होइन, यो नेपालको लोकतान्त्रिक आन्दोलनको ऐतिहासिक धरोहर पनि हो । राणा शासनको अन्त्य, २०३६ सालको जनमत संग्रह, २०४६ र २०६२/६३ को ऐतिहासिक जनआन्दोलन हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधान निर्माणसम्म कांग्रेसले नेतृत्वदायी भूमिका खेलेको छ । तर, आज जब देश गम्भीर आर्थिक सुस्तता, सुशासनको अभाव, र युवा जनशक्तिको पलायनजस्ता बहुआयामिक चुनौतीहरूसँग जुधिरहेको छ, मुलुकको सबैभन्दा पुरानो र जिम्मेवार दल भने आन्तरिक पद, प्रतिष्ठा र अस्तित्वको लडाइँमा अल्झिनु अत्यन्तै दुःखद र विडम्बनापूर्ण छ ।

विवादको चुरो विशेष महाधिवेशन, १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिको समायोजन र असोज १६ का लागि प्रस्तावित १५औं महाधिवेशनको निष्पक्षतामा जोडिएको देखिन्छ । संस्थापनइतर पक्षले 'आत्मसम्मान र समायोजन'को माग अघि सारिरहँदा वर्तमान नेतृत्वले त्यसलाई बेवास्ता गर्नु वा संस्थापनइतर पक्षले टोलटोलमा समानान्तर समिति बनाउने र 'सति जान सकिँदैन' भन्दै कडा अभिव्यक्ति दिनु दुवै लोकतान्त्रिक आचरणअनुकूल छैनन् । जब नेतृत्व तहमा संवादहीनता सिर्जना हुन्छ र विवादहरू सडक वा सार्वजनिक मञ्चमा छताछुल्ल हुन्छन्, त्यसले केवल कार्यकर्ताको मनोबलमात्र गिराउँदैन, समग्र लोकतान्त्रिक प्रणालीप्रति नै आमजनताको वितृष्णा जगाउँछ ।

बिपी कोइरालाले दिएको 'राष्ट्रिय मेलमिलाप'को नीति बाह्य राजनीतिक शक्तिहरूसँग मात्र होइन, सर्वप्रथम आफ्नै घरभित्र र आफ्नै दलभित्र लागू हुन आवश्यक छ । इतिहास साक्षी छ- जब-जब कांग्रेस फुटेको छ, तब-तब मुलुकमा लोकतन्त्र कमजोर बनेको छ र अस्थिरताले प्रश्रय पाएको छ । २०५९ सालको पार्टी विभाजन र त्यसले निम्त्याएको राजनीतिक परिदृश्यलाई कांग्रेस नेता-कार्यकर्ताले बिर्सनु हुँदैन । इतिहासको त्यो गम्भीर गल्तीबाट पाठ सिक्दै फेरि पनि उही बाटो दोहोर्‍याउनु राजनीतिक अपरिपक्वताको पराकाष्ठा हुने छ ।

वर्तमान सभापति गगन थापा रूपान्तरण र नयाँ पुस्ताको आशाका प्रतीक मानिन्छन् । तर, साँचो नेतृत्व त्यो हो जसले कठिन घडीमा सबैलाई समेटेर लैजाने साहस र उदारता देखाउँछ । असन्तुष्ट पक्षले जेठ १८ मा उपसभापति विश्वप्रकाश शर्मामार्फत पठाएको भनिएको पाँचबुँदे प्रस्तावलाई वार्ता र सहमतिको आधार बनाइनुपर्छ । सभापति थापाले खुला छातीका साथ असन्तुष्ट पक्षलाई संवादमा बोलाएर उनीहरूको जायज चिन्तालाई सम्बोधन गर्नुपर्छ । अर्कोतर्फ, देउवापक्षले पनि आफ्नो व्यक्तिगत अहम् र समानान्तर संरचना निर्माण गर्ने धम्की छाडेर वार्ताको टेबुलबाटै निकास खोज्न लचिलो हुनुपर्छ ।

राजनीतिमा अडान हुनु स्वाभाविक हो, तर त्यो अडान पार्टीको हित र लोकतन्त्रको सुदृढीकरणका लागि हुनुपर्छ, व्यक्तिगत गुट वा पदका लागि होइन । साउन २९ को समयसीमालाई धम्की वा विभाजनको आधार बनाउनुको साटो आपसी सहमतिको अन्तिम अवसरका रूपमा उपयोग गरिनुपर्छ । यदि शीर्ष नेताहरूले समयमै विवेक प्रयोग गरेनन् र कांग्रेस पुनः विभाजनको बाटोमा लाग्यो भने, इतिहासले उनीहरूलाई कहिल्यै माफ गर्ने छैन ।

अतः व्यक्तिगत स्वार्थ र गुटगत संकीर्णताबाट माथि उठेर बिपीको विचार र कार्यकर्ताको भावनाको सम्मान गर्दै बृहत्तर पार्टी एकता कायम राख्न म सम्पूर्ण कांग्रेस नेतृत्वलाई जोडदार अपिल गर्दछु ।

**- सन्तोष श्रेष्ठ**
मन्थली, रामेछाप



**मलका लागि लामबद्ध टयाक्टर** | रासायनिक मलका लागि कृषि सामग्री कम्पनी जनकपुरधामअगाडि लामबद्ध टयाक्टर । कृषि सामग्री कम्पनी जनकपुरधामले मधेस प्रदेश सरकारद्वारा निर्धारण गरिएको बफर कोटाको मल वितरण सुरु गरेको छ । *तस्बिर: रासस*

# बालविवाह रोक्न कोशी प्रदेशका विद्यालयमा विशेष अभियान

**विराटनगर–** कोशी प्रदेशमा बालविवाह नियन्त्रणका लागि विद्यालय केन्द्रित विशेष अभियान सञ्चालन गर्न लागिएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले कक्षा ८ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गर्दै कार्यक्रम सञ्चालनको तयारी गरेको जनाएको छ ।

मन्त्रालयका सचिव उद्धव रिजालका अनुसार प्रदेशका एक हजार २०० भन्दा बढी विद्यालयमा उक्त अभियान सञ्चालन गरिने छ । कार्यक्रमको कार्यान्वयन तथा सहजीकरणका लागि प्रदेशका १३७ वटै स्थानीय तहका महिला तथा बालबालिका शाखा प्रमुखले अनुगमन गर्ने छन् ।

त्यस अभियानअन्तर्गत विद्यालयस्तरमै बालविवाहविरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि ४५ हजार रूपैयाँका दरले बजेट उपलब्ध गराइने भएको छ ।

विद्यालय लक्षित कार्यक्रम सञ्चालनका लागि संघीय सरकारले छ करोड रूपैयाँ ससर्त विशेष अनुदान उपलब्ध गराएको मन्त्रालयले जनाएको छ । प्रदेशमा पहिलोपटक यस खाले अभियान सञ्चालन हुन लागेको सचिव रिजालले जानकारी दिए ।

विद्यालय केन्द्रित कार्यक्रमले बालविवाह नियन्त्रणमा उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्दै शिक्षा र सशक्तीकरणलाई अभियानको मुख्य आधार बनाइएको छ । यस कार्यक्रमले विद्यार्थीमा चेतना बढाउनेमात्र नभई उनीहरूलाई सशक्त बनाउने छ ।

हालसम्म कोशी प्रदेशका पाँच स्थानीय तहलेमात्र बालमैत्री स्थानीय तह घोषणा गरेका छन् । झापाका कमल, भद्रपुर र कनकाई नगरपालिका, इलामको सूर्योदय नगरपालिका तथा सुनसरीको रामधुनी नगरपालिकाले बालमैत्री घोषणा गरेका हुन् । प्रदेशका बाँकी १३२ स्थानीय तहले भने अझै बालमैत्री घोषणा गर्न सकेका छैनन् ।

सामाजिक विकास मन्त्रालयकी सहायक सचिव दुर्गा भण्डारी बरालका अनुसार नेपाललाई सन् २०३० सम्म बालविवाह मुक्त बनाउने राष्ट्रिय लक्ष्यअनुरूप उक्त अभियान सञ्चालन गर्न लागिएको हो । यसअघि कोशी प्रदेश सरकारले सन् २०२५ भित्र प्रदेशलाई बालविवाहमुक्त घोषणा गर्ने लक्ष्य लिएको भए पनि उक्त अभियान सफल हुन सकेको थिएन । *रासस*

# धान रोपाइँमा बढ्यो टयाक्टर र पावर टिलरको प्रयोग

■ युवराज पाण्डे



**नेपालगञ्ज–** बाँकेका कुनै पनि स्थानमा अहिले धान रोपाइँका बेला गोरु वा राँगाले खेत जोतेको दृश्य देख्न पाइँदैन । ह ह माले, ह ह तारेको कुनै आवाज पनि सुनिँदैन ।

खेतमा गह्वामा गोरु जुधेको र दौडेको देख्न मुस्किल छ । कृषि समयसँगै कृषि प्रणालीमा आएको परिवर्तनले खेतका फाँटमा टयाक्टर र पावर टिलरको प्रयोग व्यापकरूपमा बढेको छ । कृषि कर्ममा गोरुको महत्त्व आफ्नै खालको थियो । तर आजकल न त गोरु देख्न पाइन्छ, न त किसानले गोरु धपाएको नै भेटिन्छ ।

जिल्लाभरका खेतमा अहिले टयाक्टर र पावर टिलर कुदिरहेका छन् । यसले किसानलाई समय बचत हुनाका साथै रोपाइँको काम छिटो र सहजरूपमा सम्पन्न गर्न मद्दत पुगेको छ । बाँकेको जानकी गाउँपालिका-३ कर्मनाका किसान सुन्दर खटिकले समयसँगै धान रोपाइँ प्रणालीमा पनि परिवर्तन बताउँछन् । आफूले धेरै वर्षदेखि टयाक्टरको सहायताले खेत जोतेर धान रोपाइँ गर्दै आएको उनले जानकारी दिए ।

उनले यस वर्ष पनि दुई बिघा जमिन (बटैया) अधियामा खेती गरेका छन् । खेतीका लागि टयाक्टर प्रयोग गरेर खेत जोतेको बताउँदै उनले प्रतिघण्टा दुई हजार ५०० रूपैयाँदेखि तीन हजार रूपैयाँसम्म शुल्क तिरेको जानकारी दिए । 'केही किसानले आफ्नै घरमा टयाक्टर राखेका छन्, तर हामीसँग छैन । त्यसैले पैसा तिरेर जोत्न लगाउँछौं,' उनले भने ।

अहिले धेरै किसानका घरमा खेत जोत्नका लागि गोरु वा राँगा नभएकाले अधिकांश किसानले टयाक्टर वा पावर टिलरकै सहायताले खेत जोतेर धान रोपाइँ गरिरहेको उनको भनाइ छ । 'अहिलेसम्म जति पनि रोपाइँ भएको छ, केहीमा पावर टिलर र केहीमा टयाक्टरको रोटाभेटर प्रयोग गरेर खेत जोतिएको छ,' उनले भने ।

किसान खटिकले खेत जोत्नका लागि यान्त्रिकीकरण बढ्दै गएको उल्लेख गर्दै रोपाइँ गर्ने मजदुरले पनि प्रतिदिन ५०० देखि ८०० रूपैयाँसम्म ज्याला लिने गरेको बताए । उनले भने, 'मलखाद, रोपाइँ गर्ने मजदुरको ज्याला र टयाक्टरलाई तिर्नुपर्ने रकमका कारण धानखेतीको लागत बर्सेनि बढ्दै गएको छ ।'

समयमै रासायनिक मल नपाउँदा धान उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै उनले न्यून आय भएका किसानलाई सहुलियत उपलब्ध गराउन आग्रह गरे ।

कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले धान रोपाइँ पहिलेभन्दा आधुनिक बन्दै गएको छ । उपकरणको प्रयोग बढेको छ । उनले किसान यान्त्रिकीकरणतर्फ लागेका छन् । उनले भने, 'अहिले किसानले गोरु र राँगा पाल्न छाडेका छन् । त्यसैले कृषि प्रणालीमा यान्त्रिकीकरण तीव्ररूपमा बढिरहेको छ ।'

प्रमुख घिमिरेका अनुसार पछिल्लो समय स्थानीय तहहरूले किसानलाई हाते टयाक्टर, पावर टिलरलगायत कृषि औजार वितरण गर्दै आएका छन् । जिल्लामा हालसम्म करिब ७० प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको उनले जानकारी दिए । सिँचाइ सुविधा भएका अधिकांश क्षेत्रमा रोपाइँ सकिएको छ भने आकाशे पानीको भरमा खेती गर्ने किसानले अझै रोपाइँ जारी राखेका छन् । विशेषगरी कोहलपुर, बैजनाथ र राप्तीसोनारीका अधिकांश क्षेत्रमा रोपाइँ सम्पन्न भइसकेको जनाइएको छ ।

नेपालगञ्ज उपमहानगरपालिका-१७ का किसान जैनुल शेखले करिब १२ वर्षदेखि खेतमा गोरु वा राँगाले जोतेको दृश्य नदेखेको बताए । 'अहिले जमाना फेरिएको छ । किसानले टयाक्टर र पावर टिलरबाट खेत जोतेर लाभ लिइरहेका छन्,' उनले भने ।

उनले यस वर्ष 'राम' धानको खेती बढी भएको र 'हाइब्रिड' जातका धानको रोपाइँ पनि उल्लेख्य रूपमा बढेको जानकारी दिए । किसान शेखले विगतका वर्षको तुलनामा खेतमा रोपाइँ गर्ने मजदुरको पारिश्रमिक पनि बढेको छ । हाल दिनभर काम गरेबापत ६०० रूपैयाँदेखि ९०० रूपैयाँसम्म पारिश्रमिक लिन थालेका छन् । 'अहिले धेरैले आफ्नै घरमा टयाक्टर र पावर टिलर राख्न थालेका छन्, तर हामीले भने टयाक्टरबाट खेत जोताएर भुक्तानी गरेका थियौं,' उनले भने ।

कृषि ज्ञान केन्द्र बाँकेकी कृषि प्रसार अधिकृत तथा सूचना अधिकारी सुजिता शर्माले प्रदेश सरकार स्थापना भएपछि यान्त्रिकीकरण कार्यक्रमअन्तर्गत जिल्लामा हालसम्म १८० वटा पावर टिलर, थ्रेसरलगायत कृषि उपकरण वितरण गरिएको जानकारी दिइन् । उनले ती उपकरण ५० प्रतिशत अनुदानमा वितरण गरिएको उल्लेख गर्दै पछिल्लो समय उपकरण वितरणसँगै सञ्चालन र मर्मतसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम पनि सञ्चालन भइरहेको बताइन् ।

जिल्लाको ५५ हजार ८२६ हेक्टर खेतीयोग्य क्षेत्रफलमध्ये ३३ हजार ७८० हेक्टरमा धानखेती हुने गरेको छ । कृषि ज्ञान केन्द्र बाँकेका अनुसार हालसम्म २० हजार २६८ हेक्टरभन्दा बढी क्षेत्रमा धान रोपाइँ सम्पन्न भइसकेको छ । *रासस*

# अर्जुनधाराका १७ अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पुर्जा वितरण



**भद्रपुर (झापा)–** अर्जुनधारा नगरपालिका-११ लक्ष्मीधापका १७ जना अव्यवस्थित बसोबासीले आज जग्गाधनी दर्ता प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेका छन् । जिल्ला भूमि समस्या समाधान समिति झापाले अर्जुनधारा नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा झापा क्षेत्र नं २ की प्रतिनिधिसभा सदस्य इन्दिरा रानाले उनीहरूलाई प्रमाण पुर्जा वितरण गरिन् ।

पुर्जा वितरण गर्दै उनले वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकले कानुनीरूपमा आफ्नो जग्गाको स्वामित्व प्राप्त गर्नु राज्यका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताइन् । उनले भनिन्, 'वर्षौंदेखि आफ्नो थातथलोमा बसोबास गर्दै आएका नागरिकले कानुनीरूपमा जग्गाको स्वामित्व प्राप्त गर्नु खुसीको विषय हो ।'

उनले लालपुर्जा वितरणले नागरिकको सम्पत्तिमाथिको अधिकार सुनिश्चित गर्नुका साथै आर्थिक तथा सामाजिक सुरक्षामासमेत टेवा पुग्ने विश्वास व्यक्त गरिन् । जिल्ला भूमि समस्या समाधान समिति झापाका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सरकारले जारी गरेको निर्देशिकाअनुसार लगत संकलन, पहिचान, स्थलगत अध्ययन तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरेका वास्तविक लाभग्राहीलाई मात्र जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गरिएको जानकारी दिए ।

अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङले नगरवासीलाई लालपुर्जा वितरण गर्न पाउँदा खुसी लागेको बताए । वडा नं ११ मा यसअघि १४४ जना अव्यवस्थित बसोबासीलाई प्रमाण पुर्जा वितरण गरिसकिएको छ । नयाँ सूचीकरणअनुसार अर्जुनधाराका ११ वटै वडामा ७२९ भूमिहीन सुकुमबासी, २१२ भूमिहीन दलित तथा छ हजार ३५९ अव्यवस्थित बसोबासी रहेका छन् । कार्यक्रममा जनप्रतिनिधि, जिल्ला भूमि समस्या समाधान समितिका पदाधिकारी, कर्मचारी तथा स्थानीयवासीको उपस्थिति थियो । *रासस*


## साउदीमा रोजगार
कम्पनी : VOLTWASH 99 FOUNDATION
पूर्व स्वीकृति मिति : २०८३/04/07 | LT. No. 345338 | चलानी नं. ६०२५८५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Washers | 2 | 0 | 1000 | ४१,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gulf Asia Manpower Pvt.ltd.** गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

## मलेसियामा रोजगार
कम्पनी : EAGLE 999 SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/07 | LT. No. 331855 | चलानी नं. ६०२४५८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ६४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.** [BASNET AND GROUP HUMAN RESOURCE PVT LTD]
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

## साउदीमा रोजगार
कम्पनी : MOHAMMED BIN ABDULLAH AL ZAHRANI FOUNDATION COUNTRY
पूर्व स्वीकृति मिति : २०८३/०२/०६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/04/07 | LT. No. 344330 | चलानी नं. ६०२५७५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ४१,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ९ गते (25th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## साउदीमा रोजगार
कम्पनी : MULTAQAA AL-RUWAAD TRADING EST.
पूर्व स्वीकृति मिति : २०८३/04/07 | LT. No. 345330 | चलानी नं. ६०२५८५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR LOADING AND UNLOADING | 1 | 0 | 1000 | ४१,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067
**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## युएइ/कुवेतमा रोजगार
कम्पनी : ARC GLOBAL CONTRACTING & TRANSPORT
पूर्व स्वीकृति मिति : २०८३/04/0६ | LT. No. 345336 | चलानी नं. ६०२५८६११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1600 | ६७,१२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1600 | ६७,१२० | | | | | | | |
| 3 | Construction Carpenter/carpenter | 2 | 0 | 1600 | ६७,१२० | | | | | | | |

कम्पनी : GOLDEN RAF COMPANY FOR COFFEE AND TEA RETAIL
पूर्व स्वीकृति मिति : २०८३/04/0६ | LT. No. 345335 | चलानी नं. ६०२५८६१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 1 | 3 | 150 | ७४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## मलेसिया/युएइमा रोजगार
कम्पनी : GLOBAL STRENGTH SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/07 | LT. No. 332306 | चलानी नं. ६०२४५९९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 12 | 0 | 1700 | ६४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/07 | LT. No. 324810 | चलानी नं. ६०२३८७६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile polisher | 1 | 0 | 1200 | ५०,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 1 | 0 | 1200 | ५०,८०० | | | | | | | |
| 3 | Plaster | 2 | 0 | 1200 | ५०,८०० | | | | | | | |
| 4 | Assistant tile layer | 2 | 0 | 1200 | ५०,८०० | | | | | | | |

कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/07 | LT. No. 322334 | चलानी नं. ६०२३६३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder (Grade I) | 1 | 0 | 1200 | ५०,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १५ गते (31st July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

# प्रभाव दैनिक

रूपशाला


## उपचाररत कलाकार थापालाई सहयोग

चलचित्र विकास बोर्डका सदस्य तथा प्रवक्ता एवं फिल्म निर्देशक सन्तोष बाबु लोहनीले उपचाररत कलाकार कोपिला थापालाई आर्थिक सहयोग गरेका छन्। उनले नौवटा नेपाली चलचित्रको जाँचपास गरेबापत प्राप्त सम्पूर्ण भत्ता थापालाई सहयोग गरेका हुन्। चलचित्र जाँचपास समितिका सदस्यसमेत रहेका लोहनीले गत असार महिनामा नौवटा नेपाली चलचित्रको जाँचपासबाट प्राप्त गरेको भत्ता चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसीको रोहबरमा थापालाई हस्तान्तरण गरेका हुन्। करिब तीन वर्षअघि भारतको उत्तराखण्डस्थित निम करौरी बाबाको कैँची धाम दर्शनका लागि जाने क्रममा भएको सवारी दुर्घटनामा परी थापा गम्भीर घाइते भएकी थिइन्।





# चलचित्र क्षेत्रलाई उद्योगको मान्यता दिने विषयमा छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाली चलचित्र क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिलाउन आवश्यक नीतिगत पहल अघि बढाइने बताएका छन् ।

चलचित्र क्षेत्रका समस्या, विकास, प्रवर्द्धन तथा उद्योगका रूपमा मान्यता दिलाउने विषयमा चलचित्रकर्मीसँग बिहीबार मन्त्रालयमा भएको छलफलमा उनले चलचित्रलाई सिर्जनात्मक तथा आर्थिक गतिविधिसँग जोडिएको उद्योगका रूपमा विकास गर्न सरकार सकारात्मक रहेको स्पष्ट पारे ।

छलफलमा चलचित्र निर्देशक एवं केन्द्रीय चलचित्र जाँच समिति सदस्य मनोज पण्डित, नेपाल चलचित्र निर्माता सङ्घका महासचिव खगेन्द्र लामिछाने, निर्देशक तथा निर्माता निश्चल बस्नेत र निर्माता एवं छायाकार शैलेन्द्रध्वज कार्की सहभागी थिए । सहभागीहरूले नेपाली चलचित्र क्षेत्रका विद्यमान समस्या, लगानी संरक्षण, उत्पादन लागत न्यूनीकरण, अन्तरराष्ट्रिय बजार विस्तार, राज्यबाट उपलब्ध हुनुपर्ने सेवा-सुविधा तथा चलचित्रमैत्री नीतिगत सुधारका विषयमा सुझाव प्रस्तुत गरे ।

चलचित्रकर्मीहरूले चलचित्रलाई उद्योगको मान्यता प्रदान गरिए राज्यबाट प्राप्त हुने सहुलियत, प्रोत्साहन तथा अन्य सेवा-सुविधामा सहज पहुँच स्थापित हुने भएकाले यसलाई सरकारले प्राथमिकतामा राखी सकारात्मक पहल गर्नुपर्नेमा जोड दिए । उनीहरूले यस्तो निर्णयले नेपाली चलचित्र क्षेत्रको दीर्घकालीन विकास, लगानी विस्तार र व्यावसायिक स्थायित्वका लागि महत्वपूर्ण आधार तयार हुने विश्वास व्यक्त गरे । चलचित्र क्षेत्रबाट राज्यले ठूलो राजस्व सिर्जना गर्नसक्ने सम्भावना भएकाले यस क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिनुपर्ने उनीहरूको भनाइ छ ।

चलचित्रकर्मीका सुझावप्रति सकारात्मक प्रतिक्रिया दिँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले चलचित्र क्षेत्रलाई उद्योग सरह मान्यता दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरी नीतिगत व्यवस्था मिलाइने प्रतिबद्धता जनाए । चलचित्र क्षेत्रको दीर्घकालीन विकासका लागि सम्बन्धित सबै मन्त्रालयबीच निरन्तर सहकार्य गर्दै आवश्यक निर्णयमा पुगिने उनको भनाइ छ ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले नेपाली सिनेमा मनोरञ्जनको माध्यमसँगै, भाषा, संस्कृति प्रवरेद्धन गर्ने र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने सिर्जनात्मक उद्योगका रूपमा विकास गरिने बताए । चलचित्रलाई औद्योगिक उत्पादन तथा निर्यातजन्य वस्तु/सेवाका रूपमा स्थापित गर्न सरकारले आवश्यक पहल गर्ने उल्लेख गर्दै उनले यसबाट अन्तरराष्ट्रिय बजार विस्तार, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरे ।


सञ्चारमन्त्री डा. तिमिल्सिनाले चलचित्र उत्पादनलाई प्रोत्साहन गर्न निर्माता तथा उत्पादनकर्ताका लागि आवश्यक सेवा-सुविधा उपलब्ध गराउने, चलचित्र निर्माणका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सम्बन्धित निकायसँग पहल गर्ने तथा आवश्यक कानुनी र वित्तीय व्यवस्था आर्थिक विधेयकमार्फत समावेश गराउन पहल गरिने जानकारी दिए । लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत सुधार र वित्तीय व्यवस्थामा पनि सरकार प्रतिबद्ध रहेको उनले बताए ।

सञ्चारमन्त्री तिमिल्सिनाले चलचित्र कला, भाषा, संस्कृति र राष्ट्रिय पहिचानको प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम भएको उल्लेख गर्दै यसले नेपालको अन्तरराष्ट्रिय छवि सुदृढ बनाउन र राजस्व अभिवृद्धिमा योगदान पुर्‍याउने धारणा राखे । यही महत्वलाई दृष्टिगत गर्दै सरकारले चालु आर्थिक वर्षमा चलचित्र क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको उनले जानकारी दिए ।

उक्त बजेट प्रभावकारी रूपमा परिचालन गर्न चलचित्र अनुदानसम्बन्धी कार्यविधि यथाशीघ्र तयार गरिने जनाउँदै उनले कार्यविधिलाई व्यावहारिक, पारदर्शी र प्रभावकारी बनाउन चलचित्रकर्मी तथा सरोकारवालाबाट सुझाव संकलन गरिने बताए । मन्त्रालयले चलचित्र क्षेत्रसँग निरन्तर संवाद र सहकार्यलाई अघि बढाउँदै आवश्यक नीतिगत सुधारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने सञ्चारमन्त्री तिमिल्सिनाले उल्लेख गरे ।

छलफलका क्रममा चलचित्रकर्मीहरूले यस क्षेत्रलाई उद्योगका रूपमा मान्यता दिलाउने सरकारी पहल नेपाली चलचित्र क्षेत्रका लागि ऐतिहासिक कदम हुने उल्लेख गर्दै यसले संस्थागत विकास, लगानी विस्तार, अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा चलचित्र उद्योगको समग्र सुदृढीकरणमा नयाँ आधार निर्माण गर्ने विश्वास व्यक्त गरे ।

# 'एक्का तीन'को मुख्य अभिनेत्रीमा कविता



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'एक्का तीन'मा कविता नेपाली मुख्य नायिकाको रूपमा देखिने भएकी छन् । निर्देशक रूपेश तामाङले आफ्नो नयाँ फिल्ममा उनलाई अनुबन्धित गरेका हुन् ।

यो फिल्ममा यसअघि नै नायिका पूजा शर्मा र नायक पुष्प खड्का फाइनल भइसकेका छन् । भदौबाट छायाङ्कनमा जाने यो फिल्मका लागि मुख्य तीन कलाकारहरूको लाइनअप पुरा भएको छ ।

कविता भित्रिएपछि निर्देशक तामाङले भने-'यो एक्सन जनराको फिल्म हो । कविताजीको एक्सनलाई पनि दर्शकले रुचाएका छन् । यसैले अनुबन्धित गरेका हौँ ।'

फिल्ममा पूजा र कविताबीच कडा टक्कर हुने निर्देशक तामाङको भनाई छ । तीन पात्रको कथामा तयार हुन लागेको यो फिल्मलाई जुना फिल्मस् र अधिरा फिल्मस्को ब्यानरमा निर्माण गर्न लागिएको हो । फिल्मलाई सुमन गजमेरले लेखेका हुन् ।

कविताले यसअघि फिल्म 'एक्लो'मा काम गरिसकेकी छिन् । जसमा रहेको उनको एक्सनलाई दर्शकले रुचाएका थिए ।



# लिग-२ क्रिकेटमा नेपालको लगातार दोस्रो हार




■ प्रभाव संवाददाता

**काठमाडौं –** आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत नेदरल्यान्ड्समा जारी ओडीआई शृङ्खलामा नेपालले लगातार दोस्रो हार बेहोरेको छ ।

बिहीबार राति सम्पन्न खेलमा नेपाल घरेलु टोली नेदरल्यान्डस्ससँग ६ विकेटले पराजित भएको हो । नेपालले दिएको १५८ रनको लक्ष्य नेदरल्यान्ड्सले ४४.१ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्‍यो ।

नेदरल्यान्ड्सका लागि कप्तान स्कट एडवाड्र्सले अविजित ६१ रन बनाए । नोआ क्रोस ३४ रनमा अविजित रहे । सेड्रिक डे लाङ र जाच लायन कासेटले समान २१ रन बनाए ।

नेपालका लागि सोमपाल कामी, ललित राजवंशी र दीपेन्द्रसिंह ऐरीले १-२ विकेट लिए । एक विकेट रनआउटमार्फत आयो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाल ४४.४ ओभरमा १५७ रनमा अलआउट भएको थियो । नेपाल पहिलो खेलमा नामिबियासँग पनि यही योगफलमा समेटिएको थियो ।

खेलमा आरिफ शेखले ९० बल खेलेर सर्वाधिक ४१ रन बनाए । गुल्शन झाले २९ तथा दीपेन्द्रसिंह ऐरीले २१ रन बनाए । आसिफ शेखले १४ तथा करण केसीले अविजित १३ रन बनाए ।

नेदरल्यान्ड्सका लागि रोलफ भान डर मर्वेले ६.४ ओभरमा १५ रन मात्र दिएर ३ विकेट लिए । एलेक्स रोयले ८ ओभरमा २४ रन दिएर ३ विकेट लिए । लोगान भान बिकले २ तथा काइल क्लेइनले १ विकेट लिए ।

यो जितपछि लिग २ अंकतालिकामा नेदरल्यान्ड्सको २९ खेलमा ३४ अंक भएको छ । नेपालको ३० खेलबाट २४ अंक छ । नेपालले अब शृंखलाको तेस्रो खेलमा आगामी सोमबार नामिबियासँग खेल्ने छ । त्यसअघि शनिबार नेदरल्यान्ड्स र नामिबिया खेल्ने छन् ।

### जापान र अफगानिस्तानको समूहमा नेपाल

**काठमाडौं (प्रस)–** नेपाल २०औं एसियन गेम्सअन्तर्गत पुरुष क्रिकेट प्रतियोगितामा अफगानिस्तानसँगै समूह 'ए'मा परेको छ । जापानमा आयोजना हुने प्रतियोगिताको बिहीबार सम्पन्न 'ड्र' अनुसार यो समूहमा नेपाल र अफगानिस्तानसँगै आयोजक राष्ट्र पनि छ । समूह 'बी' मा भने हङकङ, मलेसिया र ओमान छन् । भारत, बंगलादेश, श्रीलंका र पाकिस्तान भने वरीयताका आधारमा सिधै क्वार्टरफाइनलमा आफ्नो स्थान सुरक्षित गरेका छन् ।

प्रत्योक समूहका शीर्ष दुई टोली क्वार्टरफाइनलमा पुग्नेछन् । त्यसपछि सिधै क्वार्टरफाइनलमा पुगेका टेस्ट राष्ट्र भारत, बंगलादेश, श्रीलंका र पाकिस्तानमध्ये एक टोलीसँग प्रतिस्पर्धा गर्नेछन् । नेपालका लागि अफगानिस्तान र घरेलु टोली जापानविरुद्धको समूह चरणको प्रदर्शन क्वार्टरफाइनल यात्रा तय गर्ने मुख्य आधार हुनेछ ।

# अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा नेपालको उत्कृष्ट प्रदर्शन




■ प्रभाव संवाददाता

**काठमाडौं –** चीनको सांघाईमा सम्पन्न ६७ औं अन्तर्राष्ट्रिय गणित ओलम्पियाड (आईएमओ) मा नेपाली टोलीले उत्कृष्ट नतिजा हासिल गर्दै नयाँ इतिहास रचेको छ । नेपालले समग्र ५७ अंक प्राप्त गर्दै यसअघि हासिल गरेको ४६ अंकको कीर्तिमान तोडेको हो । ११७ देशका ६६६ प्रतिस्पर्धीबीच नेपाल ८४औं स्थानमा रहँदा तीन नेपाली विद्यार्थीले अनरेबल मेन्सन पदक जित्न सफल भएका छन् ।

जुलाई १० देखि २० सम्म आयोजित विश्वकै प्रतिष्ठित गणित प्रतियोगितामा सफ्वासभाका प्रसिद्ध थापा, ललितपुरका आयाम आचार्य र धादिङका निसान खत्रीले समान रूपमा अनरेबल मेन्सन प्राप्त गर्दै नेपालको गौरव बढाएका हुन् ।

टोलीका अन्य सदस्य वर्दियाका मिसन जोशी, मोरङका युगान्तर कालाखेती र पोखराका अरिज पोखेलले पनि उत्कृष्ट प्रदर्शन गर्दै नेपालको समग्र अंक वृद्धि गर्न महत्वपूर्ण योगदान दिएका थिए । उनीहरूको प्रदर्शनका आधारमा नेपालले ११७ सहभागी राष्ट्रमध्ये ३३ देशलाई पछि पार्न सफल भएको म्याथम्याटिकल एसोसिएसन अफ नेपालका अध्यक्ष तथा कन्ट्री लिडर हरि प्रपन्न कँडेलले जानकारी दिए ।

नेपालले सन् २०१७ मा ब्राजिलमा आयोजित अन्तर्राष्ट्रिय गणित ओलम्पियाडबाट सहभागिता सुरु गरेको थियो । यस वर्षको प्रतियोगिता नेपालको दशौँ सहभागिता हो । छोटो अवधिमै नेपालले आफ्ना उपलब्धिलाई निरन्तर सुधार गर्दै विश्वस्तरमा प्रतिस्पर्धात्मक उपस्थिति देखाएको छ ।

नेपाल सरकारको विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयअन्तर्गत सञ्चालित ओलम्पियाड कार्यक्रम सञ्चालन कार्यविधि-२०८२ अनुसार म्याथम्याटिकल एसोसिएसन अफ नेपालले देशभरिबाट करिब २ हजार ५ सयभन्दा बढी विद्यार्थी सहभागी गराई छनोट प्रक्रिया सञ्चालन गरेको थियो ।

जिल्ला, प्रदेश र केन्द्रीय चरणका परीक्षा तथा छ महिनाभन्दा लामो विशेष प्रशिक्षणपछि अन्तिम ६ सदस्यीय टोली चयन गरिएको कार्यक्रम संयोजक तथा एसोसिएसनका महासचिव छवि ढुङ्गानाले बताए । ढुङ्गानाका अनुसार अन्तर्राष्ट्रिय स्तरमा अझ राम्रो नतिजा हासिल गर्न विद्यार्थीलाई नियमित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण उपलब्ध गराउनुका साथै सरकारी निकायबाट थप सहयोग आवश्यक छ ।

ओलम्पियाडअघि नेपाली टोली करिब ७० देशका विद्यार्थी सहभागी भएको २१ दिने बन्द प्रशिक्षण कार्यक्रममा पनि सहभागी भएको थियो । राष्ट्रिय प्रशिक्षक इन्जिनियर प्रजित अधिकारीले सोही प्रशिक्षण र लामो तयारीका कारण यस वर्ष उत्कृष्ट नतिजा सम्भव भएको बताए । प्रतियोगितामा नेपालको सहनेतृत्व कोषाध्यक्ष नारायण पौडेलले गरेका थिए । नेपाली टोली जुलाई २१ मा स्वदेश फर्किएको छ ।



पूर्वी चीनको शानडोङ प्रान्तको तेङ्भाउ सहरमा रहेको घरेलु सेवाहरूको तालिम केन्द्रमा प्रसवोत्तर हेरचाहकर्ताहरूलाई प्रशिक्षण दिँदै एक प्रशिक्षक। *तस्बिरः सिन्ह्वा*

# इरान युद्धका लागि अमेरिकी तल्लो सदनबाट ९५ अर्ब डलरको बजेट स्वीकृत

**वासिङ्टन–** अमेरिकी तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सले इरानविरुद्धका सैन्य अभियानलाई केन्द्रमा राखेर तयार गरिएको ९५ अर्ब अमेरिकी डलरको बजेट ढाँचा बुधबार पारित गरेको छ। झिनो मतान्तरले स्वीकृत भएको यो प्रस्ताव अब सिनेटमा पुग्ने छ र त्यहाँ यसको अनुमोदन हुने-नहुनेबारे अझै अनिश्चितता रहेको छ।



२१६-२१४ मतले पारित भएको उक्त बजेट प्याकेजअन्तर्गत ७३ अर्ब डलर सशस्त्र सेना र गुप्तचर निकायका लागि छुट्याइएको छ। यो रकम विशेष रूपमा इरानविरुद्ध सञ्चालन भइरहेका सैन्य तथा सुरक्षा अभियानमा खर्च गरिने जनाइएको छ।

यसैगरी, राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीतिबाट प्रभावित किसानलाई राहत दिन १२ अर्ब डलर विनियोजन गरिएको छ। थप १० अर्ब डलर भने राष्ट्रव्यापी निर्वाचनसम्बन्धी कार्यक्रमका लागि छुट्याइएको छ। यो व्यवस्था ट्रम्पले अघि बढाउन खोज्नुभएको नयाँ मतदान प्रतिबन्धसम्बन्धी योजनासँग जोडिएको भए पनि उनको व्यापक 'सेभ अमेरिका एक्ट' लाई आवश्यक राजनीतिक समर्थन भने प्राप्त हुन सकेको छैन।

नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि रिपब्लिकनहरूको प्रमुख विधायी प्राथमिकताका रूपमा हेरिएको यो प्रस्ताव अहिले प्रारम्भिक बजेट ढाँचामात्र हो। सिनेटबाट स्वीकृति पाएमा प्रतिनिधिसभाका रिपब्लिकन सांसदहरूले आगामी महिनाहरूमा यसको विस्तृत कानुनी मस्यौदा तयार गर्ने छन्।

त्यसपछि सिनेटमा सामान्यतया आवश्यक पर्ने ६० मतको समर्थनबिनै विशेष बजेट प्रक्रियामार्फत साधारण बहुमतका आधारमा विधेयक पारित गराउने रणनीति अपनाइने अपेक्षा गरिएको छ।

सदनका सभामुख माइक जोनसनले यो निर्णयले कंग्रेसका रिपब्लिकनहरूलाई अमेरिकी निर्वाचन प्रणालीलाई सुरक्षित बनाउने र राष्ट्रिय सुरक्षालाई थप सुदृढ गर्ने दुई प्रमुख उद्देश्य कार्यान्वयन गर्ने मार्ग प्रशस्त गरेको बताए।

यता, डेमोक्रेटिक सांसद रोजा डेलोरोले भने इरानविरुद्धको युद्धलाई निरन्तरता दिन आर्थिक स्रोत उपलब्ध गराउने भन्दै उक्त बजेटको आलोचना गरे। उनले अमेरिकी नागरिकले मध्यपूर्वमा थप खुला, महँगो र दीर्घकालीन युद्ध नभई खाद्यान्न, आवास, स्वास्थ्य सेवा, बाल हेरचाह र इन्धनजस्ता अत्यावश्यक वस्तु तथा सेवाको मूल्य घटेको देख्न चाहेको बताए।

अमेरिकामा बढ्दो जीवनयापन खर्च र निरन्तर मुद्रास्फीति आगामी मध्यावधि निर्वाचनका प्रमुख राजनीतिक मुद्दामध्ये एक बनेका छन् र यसले यो बजेट प्रस्तावमाथिको बहसलाई थप संवेदनशील बनाएको छ। *रासस/एएफपी*

# अमेरिकी आक्रमण र इरानी चेतावनीसँगै तनाव उत्कर्षमा

**दुबई–** अमेरिका र इरानबीच जारी युद्धले मध्यपूर्वमा तनाव झन् तीव्र बनाएको छ। पछिल्ला घटनाक्रममा अमेरिकी हवाई आक्रमण विस्तार हुनु, इरानको कडा प्रतिकार चेतावनी, हुथी विद्रोहीको समुद्री गतिविधि, कुवेतको हवाई सुरक्षा सक्रिय हुनु तथा तेलको मूल्यमा उल्लेख्य वृद्धि देखिएको छ।

अमेरिकी सेनाले लगातार १२औं रात इरानी सैन्य लक्ष्यहरूमा हवाई आक्रमण गरेको जनाएको छ। अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आक्रमण अभियान निरन्तर जारी छ। इरानी सरकारी सञ्चारमाध्यमहरूले दक्षिणपश्चिमका रामसिर र अहवाज सहर तथा खाडी तटीय बुसेहर प्रान्त अमेरिकी क्षेप्यास्त्र आक्रमणको निशानामा परेको बताएका छन्।

यसैबीच, अमेरिकी ऊर्जा मन्त्रालयले साउदी अरेबियासँग नागरिक आणविक सहयोगसम्बन्धी ऐतिहासिक सम्झौता भएको घोषणा गरेको छ। उक्त सम्झौताले साउदी अरेबियामा नागरिक आणविक कार्यक्रम विकासका लागि कानुनी आधार तयार गर्ने जनाइएको छ। अमेरिकाले सम्झौतामा आणविक हतियार प्रसार रोक्न आवश्यक सुरक्षा प्रबन्ध समावेश गरिएको जनाएको छ।

यता, कुवेतको सेनाले इरानी आक्रमणपछि बिहीबार बिहान आफ्नो हवाई प्रतिरक्षा प्रणालीले शत्रुपक्षका ड्रोनहरू अवरोध गरेको जनाएको छ। सेनाले सुनिएका विष्फोटहरू हवाई प्रतिरक्षा प्रणालीले ड्रोन खसाल्दा भएको स्पष्ट पारेको छ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले अमेरिकाले इरानी पूर्वाधारमाथि आक्रमण गरे त्यसको शक्तिशाली र निर्णायक जवाफ दिइने चेतावनी दिएका छन्। अमेरिकाले हर्मुज जलघाँटीमा लक्षित प्रत्येक जहाज आक्रमणको बदलामा इरानका पुल वा विद्युत् केन्द्र ध्वस्त पार्ने चेतावनी दिएपछि उनको प्रतिक्रिया आएको हो। इरानको रक्षा सिद्धान्त 'जस्तो आक्रमण, त्यस्तै प्रतिकार' भएको अराघचीले बताएका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि हर्मुज जलघाँटीमा कुनै पनि जहाजमाथि आक्रमण भए त्यसको बदलामा इरानको एउटा पुल वा विद्युत् केन्द्रमा आक्रमण गरिने चेतावनी दोहोर्‍याएका छन्। उनले युद्धमा अमेरिकाले हालसम्म ३७ अर्ब ५० करोड अमेरिकी डलर खर्च गरिसकेको उल्लेख गर्दै आवश्यक परे थप कदम चालिने बताएका छन्।

यमनका इरान समर्थित हुथी विद्रोहीहरूले लाल सागरमा साउदी कम्पनीको एउटा तेल ट्यांकरमा आक्रमण गरेको दाबी गरेका छन्। हुथीहरूले यसअघि साउदी बन्दरगाहहरूमा समुद्री नाकाबन्दी गर्ने चेतावनी दिएका थिए। पाँच महिनादेखिको युद्धका कारण हर्मुज जलघाँटीको आवागमन पनि प्रभावकारीरूपमा प्रभावित बनेको छ।

अन्तर्राष्ट्रिय चेम्बर अफ शिपिङ (आइसिएस) का अनुसार हुथी विद्रोहीहरूले लालसागर क्षेत्रमा सञ्चालनरत जहाजहरूलाई रेडियोमार्फत चेतावनी सन्देश पठाउन थालेका छन्।

यसैबीच, युद्धको असर विश्व ऊर्जा बजारमा पनि देखिएको छ। अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य करिब छ सातापछि पहिलोपटक ९५ अमेरिकी डलर नाघ्दै ९५ डलरको हाराहारीमा पुगेको छ भने अमेरिकी सूचक वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटिआई) को मूल्य पनि करिब तीन प्रतिशत वृद्धि भएको छ। *रासस/एएफपी*

# रक्षामन्त्री बर्खास्तीपछि युक्रेनी सेनामा व्यापक फेरबदल

**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रक्षामन्त्री मिखाइलो फेडोरोभलाई पदमुक्त गरेपछि सुरु भएको राजनीतिक र सार्वजनिक असन्तुष्टिले युक्रेनी सेनाको शीर्ष नेतृत्वमै व्यापक फेरबदल गराएको छ। केही दिनको विरोध प्रदर्शनपछि सेनाका कमान्डर-इन-चिफ ओलेक्सान्डर सिर्स्की पनि पदबाट हटाइएका छन् भने उनको स्थानमा युद्धमैदानमा अनुभवी कमान्डर मिखाइलो द्रापाती नियुक्त भएका छन्।



फेडोरोभको बर्खास्तीपछि सुरु भएको प्रदर्शन सुरुमा उनको पुनर्बहालीको मागमा केन्द्रित भए पनि पछि सिर्स्कीको नेतृत्वविरुद्ध केन्द्रित भएको थियो। प्रदर्शनकारीहरूले सिर्स्कीलाई हटाएर सेनामा व्यापक सुधार अघि बढाउन माग गरेका थिए। फेडोरोभ र सिर्स्कीबीच सैन्य रणनीति र सुधारका विषयमा लामो समयदेखि मतभेद रहेको बताइएको छ।

राष्ट्रपति जेलेन्स्कीका लागि यो पछिल्लो एक वर्षभित्र सार्वजनिक दबाबपछि महत्त्वपूर्ण निर्णय परिवर्तन गर्नुपरेको दोस्रो घटना हो। यसअघि सन् २०२५ मा भ्रष्टाचारविरोधी निकायको अधिकार सीमित गर्ने प्रयासपछि पनि उनले आलोचनाको सामना गरेको थियो।

नवनियुक्त सेनाप्रमुख द्रापातीलाई आधुनिक युद्धको अनुभव, व्यावहारिक नेतृत्व र सुधारप्रति सकारात्मक दृष्टिकोण भएका कमान्डरका रूपमा हेरिएको छ। विश्लेषकहरूका अनुसार उनको नियुक्तिले सोभियत सैन्य सोचबाट प्रभावित पुरानो नेतृत्वलाई विस्थापित गर्दै नयाँ पुस्ताको नेतृत्वलाई अघि ल्याएको संकेत दिएको छ।

किएभस्थित सैन्य विश्लेषक ओलेक्सान्डर मुसियेन्कोले द्रापातीप्रति सैनिकहरूमा उच्च विश्वास रहेको र उनको नियुक्तिले सेनाको मनोबल बढाउन तथा लडाकू क्षमता सुदृढ बनाउन सहयोग पुग्ने बताए।

पश्चिमी रक्षा अधिकारीहरूले फेडोरोभ र सिर्स्कीबीचको कार्यशैलीलाई 'फरक ग्रहका व्यक्ति' जस्तै रहेको टिप्पणी गरेका छन्। फेडोरोभले प्रविधिमा आधारित आधुनिक युद्ध रणनीतिलाई प्राथमिकता दिएका थिए भने सिर्स्की परम्परागत स्थल-सैन्य रणनीतिमा जोड दिने पक्षमा रहनुभएको बताइएको छ। विश्लेषकहरूका अनुसार द्रापाती यी दुई दृष्टिकोणबीच सन्तुलन कायम गर्न सक्ने नेतृत्वका रूपमा उदाएका छन्।

सिर्स्कीमाथि अत्यधिक केन्द्रीकृत कमान्ड प्रणाली, जटिल प्रशासनिक संरचना र सीमित भूभागका लागि सैनिकको अत्यधिक क्षति हुने रणनीति अपनाएको आरोप लाग्दै आएको थियो। विशेषगरी ४२५औं सेपरेट असल्ट रेजिमेन्टसँग सम्बन्धित विवाद, प्रशिक्षण शिविरमा दुर्व्यवहार र गैरयुद्धजन्य मृत्युका आरोप सार्वजनिक भएपछि सेनाको नेतृत्वमाथि थप प्रश्न उठेको थियो। ती आरोपपछि अनुसन्धान सुरु भई सम्बन्धित रेजिमेन्टका कमान्डर निलम्बनमा परेका छन्।

कतिपय सांसद र विश्लेषकले यो घटनालाई युद्धकालमा पनि युक्रेनमा लोकतान्त्रिक उत्तरदायित्व कायम रहेको उदाहरणका रूपमा व्याख्या गरेका छन्। उनीहरूका अनुसार सार्वजनिक दबाबपछि राष्ट्रपतिले निर्णय पुनरावलोकन गर्नु जनमतप्रतिको उत्तरदायित्वको संकेत हो। तर केहीले भने सार्वजनिक दबाबका आधारमा सैन्य नेतृत्व परिवर्तन गर्नु दीर्घकालीनरूपमा जोखिमपूर्ण नजिर बन्न सक्ने चेतावनी दिएका छन्।

युक्रेनको भ्रष्टाचारविरोधी कार्य केन्द्रकी बोर्ड सदस्य टेटियाना सेभचुकले चुनाव स्थगित भएका अवस्थामा नागरिकका लागि विरोध प्रदर्शन नै आफ्नो आवाज सुनाउने प्रमुख माध्यम बनेको बताइन्। उनका अनुसार सरकारले जनअसन्तुष्टि सडकमा पुग्नुअघि नै सम्बोधन गर्नुपर्ने थियो।

फेडोरोभको बर्खास्तीपछि सामाजिक सञ्जालमा राष्ट्रपति जेलेन्स्कीको निर्णयको व्यंग्य गर्दै अनेकौं टिप्पणी र सामग्री सार्वजनिक भएका छन्, जसले घटनाको राजनीतिक प्रभावलाई थप उजागर गरेको छ।

रक्षामन्त्रीका रूपमा करिब छ महिनाको कार्यकालमा फेडोरोभले युक्रेनी सेनाको आधुनिकीकरणलाई तीव्रता दिने प्रयास गरेका थिए। उनले लामो दूरीका प्रहार प्रणाली, फाइबर-अप्टिक ड्रोन, निगरानी प्रणाली तथा अन्य अत्याधुनिक प्रविधिमा लगानी बढाएका थिए। साथै, ड्रोन खरिद विस्तार, प्याट्रियट हवाई प्रतिरक्षा प्रणालीसम्बन्धी नयाँ सम्झौता, ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण र सैन्य खरिद प्रणालीमा सुधारलाई पनि प्राथमिकता दिएका थिए।

उनले अग्रपंक्तिमा खटिने सैनिकका लागि उच्च तलब, थप बिदा तथा सेवा सर्तमा लचकता ल्याउने प्रस्तावसमेत अघि सारेका थिए, जसले सैनिक समुदायमा व्यापक समर्थन पाएको थियो। यद्यपि, फेडोरोभले पुनर्बहाली नभएसम्म अर्को सरकारी जिम्मेवारी स्वीकार गर्न इच्छुक नरहेको बताइएका कारण उनको आगामी राजनीतिक भूमिकालाई लिएर युक्रेनमा चासो बढेको छ। *रासस/एपी*

# प्रश्नपत्र चुहावट मुद्दामा फास्ट ट्र्याक अदालत बनाउने मोदीको घोषणा

**नयाँदिल्ली–** एनइइटी परीक्षा प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर देशभर विरोध प्रदर्शन चर्किरहेका बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रश्नपत्र चुहावटमा संलग्न व्यक्तिलाई छिटो र कडा सजाय दिन फास्ट ट्र्याक अदालत स्थापना गर्ने घोषणा गरेका छन्। उनले युवाको भविष्यसँग खेलबाड गर्ने जोसुकैलाई पनि नछोडिने स्पष्ट पार्दै सम्बन्धित निकायलाई आवश्यक सबै प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएका छन्।



सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले युवाको भविष्य सरकारको सर्वोच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै प्रश्नपत्र चुहावटमा संलग्नलाई कानुनी दायरामा ल्याई शीघ्र सजाय सुनिश्चित गर्न विशेष अदालत गठन गर्ने निर्णय गरिएको बताए। विद्यार्थीको हित संरक्षणका लागि सरकारले थप कदम चाल्दै जाने र युवाको भविष्यमा क्षति पुर्‍याउने प्रयास कसैलाई पनि छुट नदिइने उनको भनाइ छ।

प्रधानमन्त्रीको यो घोषणा जुलाई २० देखि 'चलो संसद्' अभियानसहित दिल्लीलगायत विभिन्न सहरमा भइरहेको प्रदर्शनकाबीच आएको हो। आन्दोलनरत पक्षले आन्दोलन अन्त्यका लागि तीनवटा प्रमुख माग अघि सारेको छ।

आन्दोलनका प्रवक्ता सौरभ दासले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा, एनइइटी प्रश्नपत्र चुहावटका कारण आत्महत्या गरेका विद्यार्थीका परिवारलाई एक करोड रूपैयाँ क्षतिपूर्ति तथा शान्तिपूर्ण प्रदर्शनकारीविरुद्ध दर्ता गरिएका सबै मुद्दा फिर्ता लिनुपर्ने माग राखेका छन्। साथै, भविष्यमा शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएकामाथि यस्ता मुद्दा नचलाइने सरकारी प्रत्याभूति पनि माग गरिएको उनले बताए। दासले शिक्षामन्त्रीको राजीनामा आन्दोलनको अपरिवर्तनीय माग भएको उल्लेख गर्दै माग पूरा नभएसम्म आन्दोलन जारी रहने स्पष्ट पारे।

यसैबीच, केन्द्रीय स्वास्थ्यमन्त्री जेपी नड्डाले प्रश्नपत्र चुहावटजस्तो गम्भीर विषयलाई राजनीतिक मुद्दा नबनाउन आग्रह गर्दै यसबारे गम्भीर र गहिरो छलफल आवश्यक रहेको बताएका छन्।

दासका अनुसार अस्पतालमा उपचाररत आन्दोलनकर्मी सोनम वाङ्चुकसँग पटक-पटक छलफल भएको र आन्दोलनलाई पूर्णरूपमा शान्तिपूर्ण बनाइराख्ने सहमति भएको छ। वाङ्चुकले पनि सार्वजनिकरूपमा प्रदर्शनकारीलाई संयम अपनाउन र आन्दोलनलाई शान्तिपूर्णरूपमा अघि बढाउन अपिल गरेको दासले जानकारी दिए।

उनले विगतका आन्दोलनमा असामाजिक तत्व घुसाएर शान्तिपूर्ण प्रदर्शनलाई बदनाम गर्ने प्रयास हुने गरेको आरोप लगाउँदै यसपटक त्यस्तो अवस्था दोहोरिन नदिन सतर्क रहन आग्रह गरे। दिल्ली प्रहरीका अनुसार प्रदर्शनका क्रममा भएको झडपमा विशेष आयुक्तदेखि सहायक आयुक्त तहसम्मका वरिष्ठ अधिकारी तथा महिला प्रहरीसहित ११८ भन्दा बढी प्रहरी कर्मचारी घाइते भएका छन्। घटनामा करिब ६० जना प्रदर्शनकारी पनि घाइते भएको जनाइएको छ। *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९१३०० | प्रति तोला – ० | प्रति तोला – ४५०५

## ‘सरकार ग्रे लिस्टबाट बाहिर निस्कन प्रयासरत’

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई ‘ग्रे लिस्ट’ बाट बाहिर निकाल्न सरकार निरन्तर प्रयासरत रहेको बताएका छन् । कर प्रशासनलाई पारदर्शी, प्रभावकारी र विश्वसनीय बनाउन सके नेपाल ‘ग्रे लिष्ट’ बाट चाँडै बाहिर निस्कने उनको विश्वास छ ।

आन्तरिक राजस्व विभाग, लाजिम्पाटबाट देशभरका विभाग मातहतका कर अधिकृतहरूलाई बिहीबार सम्बोधन गर्दै उनले सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधलाई कर प्रशासनको तर्फबाट पनि मिहीन ढंगले हेर्नुपर्नेमा जोड दिए । अर्थमन्त्री वाग्लेले कर प्रशासकहरूको वृत्तिविकास एवं उनीहरूको काम गर्ने तरिका र राज्यलाई गरेको सहयोगका आधारमा प्राथमिकताका साथ हेरिने बताए । उनले कर संकलनका लागि जबर्जस्ती र त्रसित बनाएर नभई स्वेच्छिक कर अनुपालनमार्फत करदाताहरूलाई करको दायरामा समेट्नुपर्नेमा जोड दिए ।

कर प्रशासनलाई चुस्त बनाउन जनशक्ति, पूर्वाधार वा सूचना प्रविधिजस्ता जुनसुकै कुराको अभाव भए निर्धक्क भएर भन्न पनि उनले आग्रह गरे । कर प्रशासनमा काम गर्ने र राज्यलाई लाभ दिलाउनेलाई प्रोत्साहन गरिने उनले स्पष्ट पारे ।

यस वर्षको बजेटले अर्थतन्त्रको जहाजलाई मोडेलको रूपमा बुझ्न आग्रह गर्दै उनले आगामी चार आर्थिक वर्षको बजेटमार्फत  सरकारले बनाउन चाहेको अर्थतन्त्रको आधार देखिने बताए ।

बजेटमा दिइएको छुटका योजना कार्यान्वयन गर्न, करदाता प्रोत्साहन कार्यक्रम सफल बनाउन, करदाता सचेतना वृद्धि र कारोबार डिजिटल बनाउन सबैखाले पहल गर्न उनले विभागीय नेतृत्वलाई निर्देशन दिए ।

## अर्ग्यानिक उत्पादनको प्रमाणीकरणको व्यवस्था मिलाउन प्रधानमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले अर्ग्यानिक उत्पादनको प्रमाणीकरणको व्यवस्था स्वदेशमै मिलाउन निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार अर्ग्यानिक कृषि व्यवसायीको छाता संगठन ‘अर्ग्यानिक एसोसियसन नेपाल’ का पदाधिकारीले उनीसँग गरेको छलफलका क्रममा उनले त्यस्तो निर्देशन दिएका हुन् ।

‘नेपालमा अर्ग्यानिक कृषि उत्पादनको प्रमाणीकरण गर्ने व्यवस्था देशभित्रै मिलाउन सम्बन्धित निकायहरूलाई निर्देशन गर्दछु’, प्रधानमन्त्री शाहले भने ।

अर्ग्यानिक उत्पादनमा अन्तरराष्ट्रिय प्रमाणीकरणको व्यवस्था निकै खर्चिलो भएकाले सरकारको नियन्त्रणमा अन्तरराष्ट्रिय मान्यताप्राप्त प्रमाणीकरण एजेन्सी स्वदेशमै स्थापना हुनुपर्ने माग व्यवसायीको थियो ।

अर्ग्यानिक उत्पादनको अन्तरराष्ट्रिय प्रमाणीकरण गर्न महँगो हुने गरेकाले प्रमाणीकरणमा दिइँदै आएको ७५ प्रतिशतसम्म अनुदान पनि बन्द भएकामा त्यसलाई पुनःसञ्चालन गर्न पनि व्यवसायीहरूले माग गरेका थिए । उक्त मागका सम्बन्धमा प्रधानमन्त्री शाह सकारात्मक भएको उनको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले अनियन्त्रित रासायनिक मल र विषादीको नियन्त्रण गर्दै अर्ग्यानिक कृषि प्रवर्द्धनका लागि सरकारले आवश्यक कदम चाल्ने बताए । प्रांगारिक मल उत्पादन गर्ने निजी उद्योग तथा सहकारी संस्थालाई सहयोग अनुदान दिनुपर्ने व्यवसायीको मागअनुरूप व्यवस्था गर्नसमेत प्रधानमन्त्री शाहले सम्बन्धित निकायलाई निर्देशन दिएका छन् ।

त्यसैगरी अर्ग्यानिक मलको उत्पादन वा खरिद गर्न रासायनिक मलले पाएको सुविधासरह सुविधा हुनुपर्ने मागमा सरकार सकारात्मक रहने प्रधानमन्त्री शाहको भनाइ छ । अर्ग्यानिक उत्पादन निर्यातमा सरकारले दिने गरेको अनुदान दुई वर्षयता रोकिएकामा उक्त समस्या कानुनी रूपमै निराकरण गर्ने प्रयासमा सम्बन्धित मन्त्रालयले कार्यविधि बनाइरहेको उनले बताए ।

छलफलमा एसोसियसनका अध्यक्ष दीपक बास्कोटा, महासचिव शान्ता बास्कोटा कोइराला, सदस्यहरू तथा गोर्खा टि-इस्टेटका अध्यक्ष उदय चापागाईं, हिमालयन सांग्रीला टि-फ्याक्ट्रीका अध्यक्ष कमल मैनाली र अन्नपूर्ण अर्ग्यानिक एग्रो इन्डस्ट्रीका अध्यक्ष पर्शुराम आचार्य सहभागी थिए ।

## कर्पोरेट

### सिद्धार्थ बैंक र बर पीपल रिसोर्टबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र बर पीपल रिसोर्ट बिच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार लेकसाईड पोखरास्थित बर पीपल रिसोर्टमा ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशत छुट तथा नारी डेबिट कार्ड र प्लेटिनम क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्दा १५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, ‘सिद्धार्थ केयर’ मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सक्नेछन् ।

### ‘क्रिएटर्स भेटघाट’ गर्दै इनड्राइभ




**काठमाडौं (प्रस)–** विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपाली कन्टेन्ट क्रिएटरहरूको सिर्जनशीलता प्रोत्साहन गर्ने उद्देश्यले ‘क्रिएटर्स भेटघाट’ कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा सहभागी क्रिएटरहरूले प्रस्तुत गरेका कन्टेन्ट अवधारणामध्ये ६ उत्कृष्ट आइडियालाई आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गरिएको छ । ६० भन्दा बढी कन्टेन्ट क्रिएटरको सहभागिता रहेको कार्यक्रममा इनड्राइभले ‘ड्रिम इट. डु इट.’ नामक नयाँ क्रिएटर फेलोशिप कार्यक्रमसमेत सार्वजनिक गरेको हो । यस कार्यक्रममार्फत क्रिएटरहरूले लामो समयदेखि निर्माण गर्न चाहेको आफ्ना सपनाका कन्टेन्टलाई वास्तविकतामा रूपान्तरण गर्न आवश्यक सहयोग प्राप्त गर्नेछन् ।

कार्यक्रमको सुरुवात सहभागी क्रिएटरहरूले नेपालमै निर्माण गर्न चाहेको आफ्नो ‘ड्रिम कन्टेन्ट’ सम्बन्धी योजना र अवधारणा प्रस्तुत गर्दै गरेका थिए । प्रस्तुत अवधारणाका आधारमा ‘ड्रिम इट. डु इट.’ कार्यक्रमअन्तर्गत ६ उत्कृष्ट कन्टेन्ट आइडिया छनोट गरिने व्यवस्था गरिएको थियो । त्यसपछि ब्रान्ड तथा विभिन्न व्यावसायिक संस्थासँग सहकार्य गर्दा क्रिएटरहरूले ध्यान दिनुपर्ने विषयमा जानकारीमूलक सत्र सञ्चालन गरिएको थियो । सत्रमा सम्झौताका सर्तहरू बुझ्ने तरिका, उचित पारिश्रमिक निर्धारण, बौद्धिक सम्पत्तिको अधिकार तथा सहकार्यका क्रममा आउन सक्ने सम्भावित जोखिमबारे जानकारी दिइएको थियो ।

### सनवेइयन्स इनोभेसन फेस्ट २०२६ हुँदै




**काठमाडौं (प्रस)–** प्रविधिको भविष्यलाई नजिकबाट अनुभव गराउने उद्देश्यसहित सनवेइयन्स इनोभेसन फेस्ट २०२६ आयोजना हुने भएको छ । विद्यार्थी, प्रविधिप्रेमी, अनुसन्धानकर्ता तथा उद्योग क्षेत्रका विज्ञहरूलाई एउटै मञ्चमा ल्याउने लक्ष्यका साथ आयोजना हुन लागेको यो कार्यक्रम यहि साउन १० गते अनुपम फुडल्याण्ड, बत्तीसपुतलीमा बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुनेछ ।

आयोजकका अनुसार इनोभेसन फेस्टले कृत्रिम बौद्धिकता (एआइ), रोबोटिक्स, ड्रोन प्रविधि, अनुसन्धान, नवप्रवर्तन तथा करिअर विकासका विविध पक्षलाई एउटै प्लेटफर्ममा समेट्नेछ। कार्यक्रममा सहभागीहरूले अत्याधुनिक प्रविधिको प्रत्यक्ष अनुभव लिनुका साथै विभिन्न कार्यशाला, छलफल, प्रतियोगिता तथा प्रदर्शनीमा सहभागिता जनाउन सक्नेछन् । कार्यक्रमको प्रमुख आकर्षणमध्ये रोबोटिक्स तथा ड्रोन वर्कसप रहनेछ, जहाँ सहभागीहरूले अत्याधुनिक रोबोट र ड्रोन प्रविधिलाई प्रत्यक्ष रूपमा अवलोकन गर्नुका साथै त्यसको प्रयोगात्मक अभ्यास गर्ने अवसर प्राप्त गर्ने सन्वे कलेजका प्रिन्सिपल खुशल रेग्मीले जानकारी दिए । त्यसैगरी, पछिल्लो समय चर्चामा रहेको भाइब कोडिङ वर्कसप तथा प्रतियोगिता पनि कार्यक्रमको विशेष आकर्षण हुनेछ। यसमार्फत सहभागीहरूले आधुनिक एआई उपकरणको प्रयोग गर्दै छिटो, प्रभावकारी तथा सिर्जनात्मक रूपमा सफ्टवेयर विकास गर्ने सीप सिक्ने अवसर पाउनेछन् ।

कार्यक्रममा एआईको बढ्दो प्रभावबारे केन्द्रित विभिन्न प्यानल छलफलसमेत आयोजना गरिनेछ। एआइ इन जर्नालिजम तथा फिजिकल एआई विषयमा हुने छलफलमा सञ्चार, प्रविधि तथा अनुसन्धान क्षेत्रका विज्ञहरूले एआईले पत्रकारिता, उद्योग तथा दैनिक जीवनमा ल्याइरहेको परिवर्तनबारे आफ्ना अनुभव र दृष्टिकोण सार्बजनिक गर्नेछन् ।

त्यसैगरी एआई फर प्रोडक्टिभिटी तथा एआई टक सिरिज अन्तर्गत बौद्धिक सम्पत्ति अधिकार (आईपी ल), डाटा प्राइभेसी तथा स्वास्थ्य क्षेत्रमा एआईको प्रयोग, सम्भावना र चुनौतीबारे विशेषज्ञहरूबीच विस्तृत अन्तरक्रिया हुनेछ। एआइ एसोसिसिएसन अफ नेपाल, रोबोटिक्स एसोसियसन, फिनटेक एसोसिएसन, नामी नागायतका सस्थाहरूको सहकार्यमा एआइसम्वन्धि सेसन र वर्कसपहरू सन्चालन हुनेछन् ।

### नबिल बैंकलाई तीन प्रतिष्ठित अवार्ड

**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेड विश्वस्तरमा प्रतिष्ठित तीन वटा अवार्डबाट सम्मानित भएको छ । बैंक युरोमनी अवार्डस् फर एक्सिलेन्सअन्तर्गत नेपाल्स बेस्ट बैंक, नेपाल्स बेस्ट बैंक फर ईएसजी र नेपाल्स बेस्ट बैंक फर एसएमईज् को उपाधिबाट सम्मानित भएको हो । यसबाट बैंकले नेपालको बैंकिङ क्षेत्रको अग्रणी संस्थाका रूपमा आफ्नो नेतृत्वदायी भूमिका पुनःस्थापित गरेको छ ।

यी प्रतिष्ठित अवार्डहरूले नबिल बैंकको बलियो वित्तीय प्रदर्शन, डिजिटल रूपान्तरण, जिम्मेवार बैंकिङ अभ्यास र वातावरणीय, सामाजिक तथा सुशासनका प्राथमिकतालाई अगाडि बढाउँदै नेपालका साना तथा मझौला उद्यमहरूलाई सहयोग गर्न पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गरेको बैंकले जनाएको छ ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले प्रतिष्ठित अवार्डबाट बैंक सम्मानित हुन पाउँदा खुसी लागेको बताए । उनले भने, ‘युरोमनीबाट प्राप्त यी प्रतिष्ठित सम्मानहरूले हामीलाई अत्यन्त गौरवान्वित बनाएको छ । नेपाल्स बेस्ट बैंक फर ईएसजी तथा एसएमईज् जस्ता उपाधिहरू प्राप्त गर्नु भनेको ग्राहक, कर्मचारी, शेयरधनी तथा साझेदारहरूले नबिल बैंकमाथि राख्नुभएको विश्वासको परिणाम हो । यी




सम्मानहरूले नवप्रवर्तन, दिगोपना र समावेशी आर्थिक विकासप्रति प्रतिबद्धतालाई थप बलियो बनाएका छन् । हामी आगामी दिनहरूमा पनि उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्दै देशको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन प्रतिबद्ध रहनेछौं ।’

युरोमनी अवार्डस् फर एक्सिलेन्सलाई बैंकिङ क्षेत्रको सबैभन्दा प्रतिष्ठित अवार्डहरूमध्ये एक मानिन्छ । जसले नवप्रवर्तन, नेतृत्व र असाधारण कार्यसम्पादन मार्फत आफ्नो बजारमा प्रभाव पारेका संस्थाहरूलाई सम्मान गर्दछ ।

नेपाल्स बेस्ट बैंक उपाधिले नबिल बैंकको सुदृढ वित्तीय अवस्था, ग्राहक केन्द्रित नवप्रवर्तन, डिजिटल रूपान्तरणमा नेतृत्व तथा समग्र बैंकिङ उत्कृष्टतालाई मान्यता दिएको छ । त्यसैगरी, नेपाल्स बेस्ट बैंक फर ईएसजी अवार्डले दिगो वित्त (सस्टेनेबल फाइनान्स), जिम्मेवार बैंकिङ अभ्यास, हरित वित्तीय लगानी, वित्तीय समावेशीकरण तथा सामाजिक उत्तरदायित्वका क्षेत्रमा बैंकले प्रदर्शन गरेको नेतृत्वलाई सम्मानित गरेको छ । नबिल बैंकले आफ्नो व्यावसायिक रणनीतिमा दिगोपनालाई केन्द्रमा राख्दै वातावरणीय तथा सामाजिक प्रभाव सिर्जना गर्ने विभिन्न पहलहरूलाई निरन्तर अघि बढाउँदै आएको छ ।

यस्तै, ‘नेपाल्स बेस्ट बैंक फर एसएमईज्’ अवार्डले उद्यमशीलता प्रवर्द्धन, व्यवसाय विस्तार तथा आर्थिक गतिविधि सशक्तीकरणका लागि साना तथा मझौला उद्यमहरूलाई लक्षित वित्तीय सेवाहरू, कर्जाका विशेष योजना तथा परामर्शमूलक सेवाहरू उपलब्ध गराउन बैंकले खेलेको महत्वपूर्ण भूमिकालाई उजागर गरेको छ । विगतका वर्षहरूमा नबिल बैंकले डिजिटल बैंकिङ, ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै, दिगो बैंकिङ अभ्यास तथा वित्तीय समावेशीकरणका क्षेत्रमा निरन्तर लगानी गर्दै बैंकिङ क्षेत्रमा नयाँ मानक स्थापित गरेको छ । बैंक आफ्नो सेवामार्फत ग्राहक, समुदाय, शेयरधनी तथा समग्र अर्थतन्त्रका लागि दीर्घकालीन मूल्य सिर्जना गर्न प्रतिबद्ध रहेको छ ।

## नेप्से परिसूचक १४ अंकले बढ्यो




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ दशमलव १७ अंकले बढेर दुई हजार ७२६ दशमलव १७ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९८ अंकले बढेर ४७१ दशमलव ३० मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ७३ अंकले बढेर १८६ दशमलव ५८ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव २९ अंकले बढेर १५९ दशमलव ७३ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड ७७ हजार २२२ कित्ता सेयर रु चार अर्ब ६९ करोड ३४ लाख ४९ हजार ३७० मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये ११ उपसमूह बढ्दा दुई वटा घटेका छन् । आज १५३ कम्पनीको सेयर कारोबार बढेको छ भने १११ कम्पनीको सेयर घट्नुका साथै १२ कम्पनीको सेयर स्थिर रहेको हो ।

नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, स्नो रिभर लिमिटेड र अपोलो हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यस्तै, कुथेली बुखरी स्मल हाइड्रोपावर, रिलाइन्स स्पिनिङ मिल्सकालगायत कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्ततासम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थमात्र सेवा गरौं

विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुनसक्छ: सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ